
# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२

लेकवेशी नगरपालिका




# लेकबेशी नगरपालिका

# सुर्खेत जिल्ला

# २०७९

कर्णाली प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम

# प्रदेश सुशासन केन्द्र

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

## आभार

नेपालमा सङ्घीय शासन व्यवस्थाको अभ्याससँगै सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार स्थापना र सञ्चालन भएका छन् । नेपालको संविधानले तीनै तहको सरकारको भुमिका, जिम्मेवारी र अधिकार सुनिश्चित गरेको छ । जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तहले आम नागरिकका आधारभुत आवश्यकता परिपूर्तिदेखि स्थानीय पूर्वाधार निर्माण, रोजगारी श्रृजना, आयआर्जन र जीविकोपार्जन तथा उन्नत सेवा प्रवाह मार्फत जनताको अपेक्षा/आकांक्षा पूरा गर्नु पर्नेछ ।

यसका लागि सङ्घीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने राजस्व बाँडफाँड र अनुदान मात्र पर्याप्त हुने देखिदैन । सीमित श्रोत साधनको कुशल परिचालन र आन्तरिक आय बढाउनु पर्ने, आत्मनिर्भर, सबल र सुदृढ बन्न अग्रसर हुनुपर्ने छ ।

आफ्नो राजस्व (आय) क्षमताको आँकलन र प्रभावकारी प्राप्ति तथा उपयोगको लागि राजस्व सुधार कार्ययोजना तर्जुमा गर्नु भएकोमा बधाई तथा शुभकामना ।

दाताकोष समेतको परिचालनबाट नेपाल सरकारले आफ्नो विशेष कार्यक्रमको रुपमा प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा ल्याएको छ । मुलतः सङ्घीयता कार्यान्वयनसँगै प्रदेश र स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास, संस्थागत सुदृढीकरणका औजारको प्रयोग र आवश्यक कानुनी तथा योजनाका दस्तावेज तयारी मार्फत संस्थागत सुधार, सवलीकरण र सेवा प्रवाहमा उन्नत सहयोग गर्ने यस कार्यक्रमको रणनीति रहेको छ । तहाँ नगरपालिकाको प्रस्तुत राजस्व सुधार कार्ययोजना तयारीमा सहकार्य गर्न पाउँदा खुशी लागेको छ । प्रस्तुत योजना तयारी कार्यमा खटिने परामर्शदाता, गुणस्तर परीक्षण र पृष्ठपोषण दिने राजस्व समितिलाई राजस्व सुधार कार्ययोजनालाई परिष्कृत एवम् गुणस्तरीय बनाउन सहयोग पुऱ्याउनु भएकोमा आभारी छु ।

राजस्व सुधार कार्ययोजनाले तहाँ स्थानीय तहको राजस्व क्षमताको उजागर र कुशल प्राप्तिमा योगदान गर्नेछ । प्रस्तुत योजनाको प्रभावकारी कार्यान्वयनमा सक्रिय र आन्तरिक आय वृद्धिमा सफल हुनुहुने छ भन्ने विश्वास लिएको छु । शुभकामना ।

केशव प्रसाद उपाध्याय
कार्यकारी निर्देशक
प्रदेश सुशासन केन्द्र
कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजस्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजस्व सङ्कलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले सङ्घीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था सङ्घीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजस्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजस्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजस्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजस्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजस्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजस्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजस्वका क्षेत्रहरु तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजस्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजस्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरुमा राजस्व सङ्कलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजस्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रदेश सुशासन केन्द्र कर्णालीलाई तथा स्थानीय तहको  राजस्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने स्थानीय तहका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची


**परिच्छेद - एकः परिचय** **१**

१.१ पृष्ठभूमी १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु ४

१.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया ४

१.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरु ८

**परिच्छेद - दुईः नगरपालिकाको संक्षिप्त परिचय** **१०**

२.१ नगरपालिकाको संक्षिप्त परिचय १०

२.२ नगरपालिकाको मानव संसाधनको अवस्था १५

२.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था १६

**परिच्छेद - तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाब्यता** **१७**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था १७

३.१.१ संवैधानिक व्यवस्था १७

३.१.२ कानुनी व्यवस्था १८

३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २५

३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २७

३.३.१ कर राजस्व २८

३.३.२ गैरकर राजस्व ३६

**परिच्छेद - चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था** **४८**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४८

४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ४८

४.२ आय सङ्कलनको संस्थागत क्षमता ५२

४.२.१ स्थानीय राजस्व परामर्श समिति ५२

४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ५३

४.३ विगतको आय परिचालनको अवस्था ५४

४.४ राजस्व परिचालनमा रहेका सवालहरू ५५

**परिच्छेद - पाँचः राजस्व सुधार कार्ययोजना** **५९**

**परिच्छेद - छः आगामी तीन वर्षको आय प्रक्षेपण** **६२**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ६२

६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ६४

६.३ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण ६५

**परिच्छेद - सात: अपेक्षित नतिजा ६८**

**परिच्छेद - आठ: अनुगमन तथा मूल्याङ्कन ६९**

**अनुसूची ७२**

अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची ७३

अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र ७६

अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र ७७

अनुसूची ४: कार्यक्रमको फोटोहरु ८१

## तालिका सूची


तालिका १: वडा अनुसार क्षेत्रफल ११
तालिका २: सडक सञ्जालको विद्यमान अवस्थाको विवरण १३
तालिका ३: लेकबेशी नगरपालिकाको मानव संसाधनको अवस्था १५
तालिका ४: तहगत राजस्व अधिकार १७
तालिका ५: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बिच बाँडफाँट व्यवस्था २३
तालिका ६: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था २५
तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २९
तालिका ८: जग्गा सम्बन्धी विवरण ३०
तालिका ९: व्यवसाय सम्बन्धी विवरण ३२
तालिका १०: पार्किङ सम्बन्धी विवरण ३९
तालिका ११: नक्सापास दस्तुर सम्बन्धी विवरण ४१
तालिका १२: प्रमाणित तथा दस्तुर सम्बन्धी विवरण ४२
तालिका १३: घरजग्गा रजिष्ट्रेशन दस्तुर सम्बन्धी विवरण ४५
तालिका १४: स्थानीय तहले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका सेवा ४६
तालिका १५: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण ४९
तालिका १६: राजस्व परामर्श समितिको विवरण ५३
तालिका १७: राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण ५४
तालिका १८: विगतको आय परिचालनको अवस्था तथा अनुमान ५४
तालिका १९: राजस्व सुधार कार्ययोजनाहरु ५९
तालिका २०: गैरकर राजस्व सुधार योजनाहरु ६०
तालिका २१: आगामी आ.व.का लागि राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा) ६२
तालिका २२: नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण ६५
तालिका २३: नगरपालिकाको अपेक्षित आय संक्षेपमा ६८
तालिका २४: अनुगमन तालिका ७०

## चित्र सुची


चित्र १: सङ्घ र प्रदेशबाट स्थानीय तहमा हुने बित्तीय हस्तान्तरण ३
चित्र २: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू ५
चित्र ३: लेकबेशी नगरपालिका अवस्थिती नक्शा ११
चित्र ४: तहगत राजस्व अधिकार १८
चित्र ५: राजस्व परिचालन चक्र र प्रक्रिया २५
चित्र ६: राजस्व तथा करका विभिन्न शीर्षकहरु २८
चित्र ७: व्यवसाय कर सङ्कलनको सम्भावित सुधारहरु ३३
चित्र ८: राजस्व परिचालनमा रहेका सवालहरु ५६
चित्र ९: राजस्व चक्र ६९

# परिच्छेद - एकः परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरुको सङ्घीय संरचनालाई आत्मसात गरेको छ । त्यसैगरी, नगरपालिकाहरुलाई महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाको रुपमा छुट्याइएको छ । संविधानले स्थानीय तहहरुमा कुशल र प्रभावकारी सेवाहरु प्रदान गर्न सबल स्थानीय तहहरुको परिकल्पना गरेको छ । यसै बमोजिम स्थानीय तहलाई संविधानद्वारा प्रदान गरिएको कार्य जिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थाका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यवस्था गरेको छ । सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्ता अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पूरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकार बिच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यवस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरु लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएको छ । नेपालको संविधानको अनुसूची ८ मा स्थानीय तहहरुले विभिन्न किसिमका राजस्व उठाउन सक्ने अधिकारको बारेमा उल्लेख गरिएको छ । अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्न सक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यवस्था समेत गरिएको छ ।

स्थानीय निकायहरुले आफूलाई तोकेको कार्य र जिम्मेवारी पूरा गर्नको लागि वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ । वर्तमान अवस्थासम्म अधिकांश स्थानीय निकायहरु सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाह्य श्रोतमा निर्भर रहेको देखिन्छ । स्थानीय तहहरुलाई स्थानीय राजस्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनीहरु करको सम्भाव्यता पहिचान गर्न, कर सम्बन्धी डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन् ।

संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय तहहरु प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक श्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरुको आन्तरिक राजस्व परिचालन क्षमतामा कानुन सम्मत ढंगले वृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लेखित कार्य गर्नको लागि स्थानीय तहहरुसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

नगरपालिकाहरुको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व स'धारका क्रियाकलापहरु पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ

। यो कार्ययोजनाले स्थानीय तहलाई आन्तरिक आय परिचालनमा सुधार ल्याउन र राजस्व प्रक्षेपणलाई यथार्थपरक र वैज्ञानिक बनाई बजेट तर्जुमा प्रकृयालाई थप व्यवस्थित गर्न मद्दत मिल्ने विश्वास लिईएको छ ।

माथि उल्लेखित पृष्ठभूमिका कर्णाली प्रदेश अन्र्तगत पर्ने सुर्खेत जिल्लाको लेकबेशी नगरपालिकाको राजस्व सङ्कलन तथा आय परिचालनमा सुधार ल्याउने प्रयोजनको लागि राजस्व सुधारका क्रियाकलापहरु पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरुको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्ने कार्यलाई दिशा निर्देश गर्न यो राजस्व सुधार कार्ययोजना तर्जुमा गरिएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

सरकारलाई विभिन्न क्षेत्रमा गर्ने विकासका कार्यहरु व्यवस्थित गरी जनताको चाहना अनुरुप सेवा प्रवाहलाई प्रभावकारी बनाउन ठूलो मात्रामा लगानी वा पूँजिको आवश्यकता देखिन्छ । हाल नेपालको राज्य सञ्चालन सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहबाट हुने व्यवस्था नेपालको संविधानले गरेको छ । नेपालले सङ्घीय व्यवस्था अपनाए पश्चात् बित्तीय सङ्घियता अनुरुप स्थानीय तहलाई विकास निमार्णको लागि सङ्घ र प्रदेश सरकारबाट विभिन्न प्रकारका अनुदान (वित्तीय समानिकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान) तथा राजस्व बाँडफाँडबाट उपलब्ध हुन्छ (चित्र १) । यसका साथै स्थानीय तहमा पनि विभिन्न शीर्षकमा राजस्व उठाउने अधिकार दिइएको छ, जस अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, दण्ड जरिवाना जस्ता राजस्व उठाउने अधिकार प्रदान गरिएको छ । यसैगरी स्थानीय तहले अन्य स्वदेशी तथा वैदेशिक सङ्घसंस्थाहरुबाट अनुदान रकम, सहयोग पनि प्राप्त गर्न सक्ने छ । स्थानीय तहले राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको सिमा र अधिकार भित्र रही आन्तरिक ऋण पनि लिन सक्ने प्रावधान रहेको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले विभिन्न तहका सरकारहरु बीच हुने वित्तीय हस्तान्तरणको पक्षमा जोड दिएको छ । स्थानीय तहले कर लगाउँदा करदाताले तिर्न सक्ने क्षमताका आधारमा करको निर्धारण गर्ने र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, स्वेच्छिक रुपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र कर लगाउँदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्ययोजना महत्वपूर्ण औजार हुने विश्वास गरिन्छ ।

वित्तीय सङ्घियता अनुरुप विभिन्न संवैधानिक अधिकार भित्र रही स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले स्थानीय सरकार सञ्चालन गर्न पालिकाहरुलाई आन्तरिक आय परिचालन गर्न सक्ने प्रशस्त अधिकार र क्षेत्रहरु दिएको भएता पनि ती अधिकारलाई व्यवस्थित तथा न्यायोचित तरिकाले पूर्ण रुपमा परिचालन गर्न सकिरहेका छैनन् । यसको संम्भावित प्रमुख कारणहरुमा

स्थानीय तहको नयाँ संरचना भएकोले त्यसका लागि आवश्यक नीति तथा कार्यविधी, संगठनात्मक व्यवस्था, सूचना तथा तथ्याङ्कको उपयुक्त व्यवस्थापन नहुनु, सूचनाहरु अद्यावधिक नहुनु, आयको सम्भाव्यता अध्ययन नहुनु, नियन्त्रण प्रणालीको विकास तथा अभ्यासको कमी हुनु रहेको छ ।

राजस्व परिचालनको सन्दर्भमा माथि उल्लेखित अवस्थाहरुमा सुधार ल्याउनका लागि आन्तरिक आयको अवस्था विश्लेषण गरी सुधारका उपायहरु पहिचान गर्नु, राजस्वका दायरा बढाउन सकिने बृद्धिका संभावनाहरुको खोजी गर्नु, राजस्व प्रशासनको विद्यमान संगठनात्मक संरचनाको विश्लेषण गर्दै सुधारका ठोस आधारहरु पहिल्याउन र आगामी ३ आर्थिक वर्षको राजस्वको प्रक्षेपण गर्नु नितान्त जरुरी हुने हुँदा कर्णाली प्रदेश अन्तर्गत सुर्खेत जिल्लाको लेकबेशी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तयार पारिएको छ ।




चित्र १: सङ्घ र प्रदेशबाट स्थानीय तहमा हुने बित्तीय हस्तान्तरण

लेकबेशी नगरपालिकाको राजस्व सुधारका लागि नगरपालिकाको नेतृत्वमा सहभागितामूलक पद्धति अवलम्बन गरी राजस्व सुधारको कार्ययोजनाहरु तर्जुमा गरिएको छ । यो कार्ययोजना तर्जुमाको माध्यमले नगरपालिकाका प्रतिनिधि, कर्मचारी तथा अन्य सरोकारपक्षहरूलाई राजस्व परिचालनको क्षेत्रमा अभिमुखीकरण गरी आन्तरिक आय सुधारका लागि समस्या तथा अवसरहरूको पहिचान गरी आयको प्रक्षेपणलाई मार्गदर्शन गर्ने दस्तावेज हुनेछ ।

## १.३ राजस्व सुधार कार्ययोजनाले राखेका उद्देश्यहरु


लेकबेशी नगरपालिकाको आन्तरिक आयको विद्यमान अवस्था, आन्तरिक स्रोतको संभावना तथा देखिएका समस्याहरूलाई न्यूनीकरण गर्न यस कार्ययोजना तयारी गर्नु तथा सोका आधारमा आगामी तीन वर्षको आय प्रक्षेपणमा नगरपालिकालाई सहयोग पुऱ्याउनु नै यस कार्यक्रमको मुख्य उद्देश्य रहेको छ । यस कार्यक्रमका सहायक उद्देश्यहरू देहाय अनुसार रहेका छन् :

<u>कार्यक्रम</u>

- ✓ स्थानीय तहका जनप्रतिनिधीहरु तथा कर्मचारीहरुलाई राजस्व सुधार कार्ययोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- ✓ विभिन्न शीर्षकका कर र यसका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- ✓ आन्तरिक आय वृद्धिको लागि आयका प्रमुख स्रोतहरूको सम्भावना र यथार्थ असुलीमा भएको फरकको पहिचान गर्ने ।
- ✓ स्थानीय तहको राजस्व प्रशासनको सँगठनात्मक संरचना, राजस्व सङ्कलन तथा बिलिङ्ग पद्धति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्यकुशलताको विश्लेषण गर्ने ।
- ✓ स्थानीय तहको आन्तरिक आय वृद्धिका सम्भावनाहरु पहिचान गरी आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्ययोजना तयार गर्ने ।
- ✓ नयाँ सम्भावनाहरुको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने सुधार रणनीति सहितको राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- ✓ स्थानीय तहको विद्यमान आर्थिक ऐन, नियमावली लगायतका कानुनी तथा संस्थागत व्यवस्थाको पुनरावलोकन गरी आगामी आर्थिक वर्षमा सुधारको लागि सुझाव प्रदान गर्ने ।

## १.४ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रक्रिया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: २) ।




चित्र २: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू

### पहिलो चरण: सन्दर्भ सामाग्री सङ्कलन तथा समीक्षा

राजस्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको सङ्कलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा कर्णाली प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### दोस्रो चरण: अभिमुखीकरण तथा राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय

तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरु र राजस्व परामर्श समितिका पदाधिकारीहरुलाई राजस्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०२/२५ मा अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

**तेस्रो चरण: तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानुनहरु, प्रगति विवरणहरु, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरुबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसँगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियो:

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको संभावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार सङ्कलन गरिएको थियो ।

### चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ । सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ । राजस्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ । यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ । शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ ।

$$CAGR = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक वृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को **अनुसूची ४** अनुसार गरिएको छ ।

### पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ । लेखन कार्य राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो । भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरुबाट परिक्षण गराइएको थियो ।

### छैठौं चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी

सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

**सातौ चरणः अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण**

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बिचमा मिति २०७९/०३/२० गते यस नगरपालिकाका वडा नं. ५ का नगर उप–प्रमुख श्री बिमला खड्लुक ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाव तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरुको सुची अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

**आठौं चरणः अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.५ राजस्व सुधार कार्ययोजनाका सीमाहरु

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्न अनुसारको सीमामा रही तयार गरिएको छ ।

यस राजस्व सुधार कार्ययोजना नगरपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरु तथा सम्बन्धित कर्मचारीहरु र अन्य सरोकारवालाहरुसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाव र सूचनाको आधारमा तयार गरिएको हो ।

१. सङ्घ तथा प्रदेश सरकारबाट नगरपालिकाले प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक रुपमा बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा नगरपालिकाबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।

२. राजस्व प्रक्षेपणको लागि नगरपालिकाले उपलब्ध गराएको तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागले विभिन्न सर्वेक्षण मार्फत उपलब्ध गराएको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

वार्षिक रुपमा अनुगमन मूल्याङ्कन पश्चात राजस्व सुधार कार्ययोजनामा परिमार्जन गर्न सकिने छ ।

# परिच्छेद - दुई: नगरपालिकाको संक्षिप्त परिचय

यस परिच्छेद दुईमा नगरपालिकाको संक्षिप्त परिचय, अवस्थिति, मानव शंसाधन साथै भौगोलिक, आर्थिक तथा सामाजिक अवस्था तथा नगरपालिकाको संस्थागत क्षमतालाई पनि चित्रण गरिएको छ ।

## २.१ नगरपालिकाको संक्षिप्त परिचय

**नामाकरण:**

यस नगरपालिकको लेक तथा चुचुराहरुको क्षेत्र साविकको लेखफर्सा, नेटा तथा साटाखानी र धान र गहुँ उत्पादन हुने बेशी क्षेत्र लेखफर्साकै दक्षिण भेग, दशरथपुर, कल्याण र साटाखानीको दक्षिण भेग सबै क्षेत्रको भौगोलिक अस्थित्व कायम हुने खालको लेकबेशी नाम प्रस्ताव गर्नुभयो । लामो छलफल ताथ विश्लेषण पछि नगरपालिकाको लेक र वेशी सबै भुभागको सम्बोधन हुने लेकबेशी नाम नै उपयुक्त नाम देखएकोले सबै पक्षबाट लेकबेशी नाम परित गरियो र यस नगरपालिकाको नाम लेकबेशी रहन पुग्यो ।

**अवस्थिति :**


विश्व मानचित्रमा यसको फैलावट २८ डिग्रि २८ मिनेट उत्तर देखि २८ डिग्रि ३३ मिनेट उत्तरी अक्षांसम्म र ८१ डिग्रि ४६ मिनेट पुर्व देखि देखि ८१ डिगि ५० मिनेट पूर्वी देशान्तरसम्म रहेको छ । समुद्री सतहबाट ४६८ मीटर देखि १७०० मिटर सम्मको उचाइमा रहेको यस लेकबेशी नगरपालिकाको वस्तुगत विवरण २०७४, यस नगरपालिकाको क्षेत्रफल १८०.९२ वर्ग किलोमिटर रहेको छ । जिल्ला सदमुकाम वीरेन्द्रनगर नगरपालिकाबाट १ देखि १० कोषको दुरी सम्ममा यो नगरपालिकाका वडाहरु फैलिएका छन् । यस नगरपालिकाको पूर्वमा गुर्भाकोट नगरपालिका, दक्षिणमा भेरी नदि तथा भेरिगंगा नगरपालिका, उत्तरतर्फ चिङ्गाड गाउँपालिका र पश्चिममा वीरेन्द्रनगर नगरपालिका रहेको छ । दक्षिण भेगमा भेरी नदीले छिमेकी गाउँपालिका भेरीगंगा संग, पश्चिममा झुप्रा खोलाले वीरेन्द्रनगर नगरपालिकासंग,उत्तरमा पहाड तथा डाँडाकाँडाहरुले चिङ्गाड गाँउपालिकासँग र पुर्वामा खहरे खोलाले गुर्वाकोट नगरपालिकासंग सिमाना छुट्टाएको छ ,जुन निम्न अनुसार रहेको छ ।

सिमाना पुर्वमा: गुर्भाकोट नगरपालिका

पश्चिममा: वीरेन्द्रनगर नगरपालिका

उत्तरमा: चिंगाड गाउँपालिका

दक्षिणमा: भेरी नदी र भेरीगंगा नगरपालिका




चित्र ३: लेकबेशी नगरपालिका अवस्थिती नक्शा

## क्षेत्रफल तथा वडा विभाजनः

सुर्खेत जिल्लाका साविकका ५ वटा गाविसहरु लेखफर्सा, दशरथपुर, नेटा, कल्याण र साटाखानी गाविसका ४५ वटा वडा मिलेर बनेको यो नगरपालिका सुर्खेतका ९ वटा स्थानीय तहहरु मध्ये क्षेत्रफलका हिसाबले दोस्रो सानो १८०.९२ वर्ग कि.मी.) नगरपालिका र तेस्रो सानो स्थानीय तह हो । भौगोलिक हिसाबले बिकट र विकासको हिसाबले विकासोन्मुख अवस्थामा यो नगरपालिका रहेको छ । क्षेत्रफका हिसाबले नगरपालिकाको वडागत क्षेत्रफल निम्न अनुसार रहेको छ ।

तालिका १: वडा अनुसार क्षेत्रफल

| वडा नं. | क्षेत्रफल क्षेत्रफल | साविक गाविसहरु | पुराना वडाहरु |
|---|---|---|---|
| १ | ११.४३ | लेखफर्सा | ५-८ |
| २ | १६.१५ | लेखफर्सा | १-४,९ |
| ३ | ११.१८ | दशरथपुर | १-४ |
| ४ | १०.३२ | दशरथपुर | ५-९ |
| ५ | ३३.७६ | नेटा | १-९ |
| ६ | १९.७५ | कल्याण | १-५ |
| ७ | १७.७५ | कल्याण | ६-९ |
| ८ | १८.३८ | साटाखानी | ८-९ |
| ९ | १८.९४ | साटाखानी | ५-७ |
| १० | २३.२६ | साटाखानी | १-४ |
| **जम्मा** | **१८०.९२** | | |

श्रोत: लेकबेशी नगरपालिकाको वस्तुगत विवरण २०७४

**जनसंख्याः**

यस लेकबेशी नगरपालिकाको वस्तुगत विवरण निर्माणका लागि गरिएको स्थलगत अध्ययन, लक्षित समुह छलफल तथा साविकका गा.वि.स.हरूबाट प्राप्त द्धितीय स्रोत अनुसार प्राप्त तथ्याङ्कलाई आधार मानिएको छ । मुख्य गरी राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक नतिजा अनुसार यसको कुल जनसंख्या ३१,७९१ रहेको छ । जस अन्तर्गत महिला १६,८७८ जना र पुरूष १४,९७८ जना रहेका छन् ।

**पेशागत विवरण :**

यस नगरपालिकामा सरकारी र गैर सरकारी सङ्घ संस्थाहरूको समन्वयमा तथा आफ्नै पहलमा विभिन्न पेशा व्यवसायहरू सञ्चालनमा रहेको पाईन्छ । यस क्षेत्रका नागरिकहरूको प्रमुख पेशा कृषि देखिन्छ जसमा करिव ८० प्रतिशत नागरिकहरू संलग्न रहेका छन् भने बाँकि अन्य व्यापार, नोकरी, बैदेशिक रोजगार, शिक्षण आदी पेशामा संगलग्न भएको पाईन्छ ।

**पर्यटन (प्रशिद्ध स्थलहरु):**

यस नगरपालिकामा शिव मन्दिर, लेखगाउँ खाँड देवि मन्दिर, गंगामाला, देउती बज्यै मन्दिर, सातपाते, सिद्ध ऋषि गुफा, शिवालय मन्दिर, भोटे दरबार, लामो छहारा, देउती बज्यै मन्दिर, मौसमि वाफ दिने गुफा, बागदुला गुफा, भेरी नदी, देवि डाडा, सिउडी भिर गुफा, पानडाँडा गुफा, खाँडदेवी मन्दिर, बौद्ध गुम्बा, जस्ता पर्यटकीय स्थलहरु रहेका छन् ।

**सिंचाईः**

जल श्रोतका हिसाबले यो नगरपालिकाका केही वडाहरू सम्पन्नशाली मानिन्छन् । महाभारत श्रृङ्खला अन्तर्गत अवस्थित रहेको यस क्षेत्रभित्र साना बार्है महिना पानी बगिरहने साना ठुला खोलाहरु देखि खोल्सा खोल्सी रहेका छन् । मुख्य खोला तथा नदिहरूमा यस नगरपालिकाको भेरी नदी, राते खोला, चिङ्गाड खोला, राउटे खोला, झुप्रा खोला, गम खोला, मझुवा खोला, न्याउल खोला, खहरे खोला, कोल खोला देखि दजनौ खोल्साहरु रहेका छन् । तिनै खोलाहरूबाट मौसमी सिचाइ तथा पानी घट्ट चलेका छन् ।

**यातायात पहुँच :**

साविकका पाँच गाविसहरु मिलि बनेको यस नगरपालिकाका केहि बस्तीहरुमा मोटर बाटोले अझैपनि छुन सकेको छैन् । धुलियाबिट हुँदै भेडावारी सम्मजाने सडक यस नगरपालिका भएर जाने गर्दछ । यो बाहेक धुलियाबिट साटाखानी तथा दशरथपुर नेटा सडक खण्ड पनि सञ्चालनमा आएका छन् । हाल सञ्चालनमा आइरहेको र केहि कच्ची बाटाहरूको विवरण देहाय बमोजिम दिईएको छ ।

तालिका २: सडक सञ्जालको विद्यामान अवस्थाको विवरण

| क्र. सं. | सडकको वर्गीकरण | लम्बाई कि.मि. | सडकको औसत चौडाइ ( चौडाइ (मि.) | सडकले सेवा पुगेका वडाहरु |
|---|---|---|---|---|
| १ | ग्राभेल सडक | ५७ | ६ | सबै वडाहरू |
| २ | कच्ची सडक/मौसमी सडक | १११.५ | ६ | सबै वडाहरू |
| ३ | मुल बाटो (Trail) | २०० | २ | सबै वडाहरू |

श्रोतः लेकबेशी नगरपालिकाको वस्तुगत विवरण २०७४

**उद्यम, व्यापार, व्यवसायः**

हालै केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकामा ६४५ वटा व्यवसाय रहेका छन । यस नगरपालिकाको प्रमुख व्यापारिक केन्द्रहरुमा विभिन्न किसिमका पसलहरु रहेका छन् । खासगरी फेन्सि पसल, मोबाइल पसल, स्टेशनरी पसल तथा होटेल व्यवसायमा यस व्यापारिक केन्द्रहरुका मानिसहरू संलग्न रहेका छन् ।

**मुख्य व्यापारिक केन्द्रहरु :**

यस नगरपालिकाको प्रमुख व्यापारिक दशाथपुर बजार हो । यसका अलवा नगपालीकाका अन्य वडाहरु अर्न्तगत स-साना बजारहरू जसले वडाहरूको पाएक पर्ने स्थानलाई केन्द्र बनाई संचालित छन् । ति बजारहरूको वडा अनुसाको विवरणलाई देहाय बमोजिम उल्लेख गरिएको छ । नांगे, रातामाटे, इनद्रचोक, घुम्ने बजार र घाट बजार, नेटा बजार, स्याउली बजार, कल्पना चोक, राना गाउँ बजार, लवना बजार, चौरासे बजार र गंगटे बजार रहेको छ ।

**विद्युत सुविधा :**

यस नगरपालिका अन्तर्गतका सबै वडाहरुमा विद्युत सेवा नपुगेता पनि यस क्षत्रेमा सौय उर्जा मार्फत यस क्षेत्रका नागरिकहरु दैनिकी चलाईरहेका छन् । यद्यपि विद्युत लाइन पुगेका वडाका सबै घरधुरहिरुले विद्युत सेवा प्रयोग नगरेको पाइन्छ । यस क्षेत्रमा स्थानीय कुनै पनि विद्युत तथा सौर्य उर्जाको आयोजनाहरु संचलनमा रहेका छैनन् ।

**संञ्चार सुविधाः**

भैगोलिक रुपमा बिकट यस नगरपालिका भित्र कुने पनि एफ.एम स्टेशनहरु नभएता पनि छिमेकी नगरपालिका तथा सदरमुकामका एफ.एम रेडियोहरु मार्फत यस क्षेत्रका नागरिकहरुले सुचना प्राप्त गरिरहेका छन् । भौगोलिक बिकटताले गर्दा टेलिभिजन तथा पत्रपत्रिकाको पहँच हुन नसेको यस नगरपालिकाका अधिकांस बासिन्दाहरुको पहिलो सुचनाको स्रोत भनेकै एफ.एम रेडियोहरु हुन् ।

**खानेपानी तथा सरसफाईः**

नगरपालिकाको वडागतको विश्लेषण गर्दा सबैभन्दा बढी धारा वा पाइपबाट खानेपानीको प्रयोग गर्ने घरधुरी संख्या ५१८७ रहेको पाइएको छ । साथै यस नगरपालिकामा खोला, मुल धारा, नदी, पोखरीबाट, ईनार जरूवा र कुवाको पानी प्रयोग गर्ने घरपरिवारहरू पनि रहेका छन् ।

**भवन तथा आवास :**

यस नगरपालिकामा मुख्य गरी आवास प्रयोजनका लागि तयार गरिएको घरहरूमा खरले छाएको घरको संख्या तुलनात्मक रूपमा बढि देखिन्छ । यसका साथै नगरपालिका अन्तर्गतका विभिन्न वडाहरूमा आवासका लागि टिनको छानाको प्रयोग गर्ने घरधुरीहरू पछिल्लो समयमा बढ्दै गएको पाईन्छ । सामान्य मात्रामा आर.सि.सि. ढलान भएको घरहरु रहेका छन् ।

**शिक्षाः**

यस नगरपालिकाको हालको शैक्षिक अवस्थालाई विश्लेषण गर्दा यस नगरमा चार वटा उच्च मावी, आठ वटा माध्यामिक विद्यालय र ४६ वटा आधारभूत विद्यालय रहेका छन । यस नगरपालिकामा रहेका बालविकास केन्द्रहरूको तथ्याङ्कलाई विश्लेषण गर्दा ४१ वटा रहेको र यि केन्द्रहरू विभिन्न सरकारी तथा गैससरकारी संस्थाहरूको सहयोग र समन्वयमा करिब ९९९ जना बालबालिकाहरू अध्ययन गरिरहेका छन् । यस नगरमा शैक्षिक विकास र चेतना अभिवृद्धिको कारण निरक्षर भन्दा साक्षर मानिसहरूको संख्या धेरै रहेको छ । वि.स.२०६८ को जनगणना अनुसार कुल साक्षरता प्रतिशत ७६.०८ प्रतिशत देखिएता पनि हाल आएर यो प्रतिशत थप बढ्न सक्ने देखिन्छ ।

**स्वास्थ्य :**

यस नगरमा  प्राथमिक स्वास्थ्य केन्द १, स्वास्थ्य चौकी ५ र सामुदायिक स्वास्थ्य ईकाई २ गरी जम्मा ८ ओटा स्वास्थ्य केन्द्रहरु रहेकाछन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारी :**

यस नगरपालिका अर्न्तगत वचत तथा ऋण सहकारी र कर्षि तथा पशु सेवासहकारीहरू गरी जम्मा ६२ वटा सहकारीहरु सञ्चालनमा रहेको छन् ।

**फोहरमैला व्यवस्थापनः**

यस नगरपालिकामा वातावरण तथा सरसफाईका लागि राष्ट्रिय मापदण्ड अनुरूपका आधारहरू पुरा नभए पनि नगरपालिका भित्र समाबेश भएका साविकका गा.वि.स.हरू खुला दिसामुक्त गा.वि.स.हरू घोषणा भई अहिले पुर्ण सरसफाईका लागि अग्रसर भएका छन् । यद्यपि यस नगरपालिका भित्रका विभिन्न सार्वजनिक स्थानहरुमा सार्वजनिक शौचालयहरु निर्माण तथा

यचित व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

विकासोन्मुख शहरीकरण बिस्तारको अवस्थामा रहेको यस नगपालिकामा व्यवस्थित तवरको ल्याडफिल्ड साइड नरहेता पनि सामान्य अवस्थाले यसको व्यवस्थापन गर्ने गरेको देखिन्छ । विशेष गरी खोला खोल्सा, नदी किनारा, घर नजिकै खाडल बनाएर कुहिने बस्तुहरुलाई कम्पोष्टमलको रुपमा विसर्जन गर्ने गरेको देखिन्छ । यस नगरपालिकामा आगामी दिनमा नगरलाई सफा र स्वच्छ गराउनका लागि फोहरमैला व्यवस्थापन गर्न जरूरी देखिएको छ । फोहरमैला व्यवस्थापनको पूर्वाधार तयार गरिएको छैन ।

## २.२ नगरपालिकाको मानव संसाधनको अवस्था

नवगठित नगरपालिकाको पहिलो निर्वाचन २०७९ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरू मार्फत् नगरपालिकाको कार्य सञ्चालन भई आएको छ । यस नगरपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरु कार्यरत रहेका छन् । जसको विवरण तलको तालिका ३ मा प्रस्तुत गरिएको छ ।

तालिका ३: लेकबेशी नगरपालिकाको मानव संसाधनको अवस्था

| कार्यपालिका तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | पदपुर्ति | | | | |
| क्र.सं. | स्वीकृत पद | संख्या | सङ्घबाट समायोजन भई आयका | साविक स्थानीय निकायमा कार्यरत | आन्तरिक पदपुर्ति | जम्मा पद पूर्ति | रिक्त पद पूर्ति |
| १. | प्रमुख प्रशासकिय अधिकृत | १ | १ | ० | – | १ | ० |
| २ | सि.डि.ई | १ | ० | – | – | ० | १ |
| ३ | शाखा अधिकृत (शिक्षा, प्रशासन, कान'न) | ३ | १ | – | – | १ | २ |
| ४ | जनस्वास्थ्य अधिकृत (सातौ, आठौ) | १ | १ | – | – | १ | ० |
| ५ | कृषि अधिकृत (सातौ, आठौ) | १ | ० | – | – | ० | १ |
| ६ | लेखा अधिकृत | १ | १ | – | – | १ | ० |
| ७ | ईन्जिनियर (स्यानिटरी, सिभिल, जनरल, सिँ., हाईवे) (सातौ, आठौ) | १ | ० | – | – | ० | १ |
| ८ | ईन्जिनियर (सिभिल, जनरल, वि.आ.) (सातौ, आठौ) | १ | ० | – | – | ० | १ |
| ९ | नायब सुब्बा (अधिकृत छैठौ, सहायक पाँचौ) | ९ | ४ | ३ | – | ७ | २ |
| १० | नायब सुब्बा (न्याय) | १ | ० | – | – | ० | १ |
| ११ | प्रा.स. (शिक्षा) | १ | ० | १ | – | १ | ० |

| कार्यपालिका तर्फ | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | स्वीकृत पद | संख्या | पदपुर्ति | | | | |
| | | | सङ्घबाट समायोजन भई आयका | साविक स्थानीय निकायमा कार्यरत | आन्तरिक पदपुर्ति | जम्मा पद पूर्ति | रिक्त पद पूर्ति |
| १२ | म.वि.नि., स.म.वि.नि. | १ | १ | – | – | १ | ० |
| १३ | लेखापाल | १ | १ | – | – | १ | ० |
| १४ | आ.ले.प. | १ | ० | – | – | ० | १ |
| १५ | सब ईन्जिनियर ( जनरल, सिँ., हाईवे) ( छैठौ, पाचौ) | २ | २ | – | – | २ | ० |
| १६ | सब ईन्जिनियर ( जनरल, वि.आ) (छैठौ, पाचौ) | १ | १ | – | – | १ | ० |
| १७ | सर्भेक्षक, अमिन | १ | ० | १ | – | १ | ० |
| १८ | रेन्जर, ना. सु. | १ | ० | – | – | ० | १ |
| १९ | सह लेखापाल | १ | १ | – | – | १ | ० |
| | **जम्मा** | **३०** | **१४** | **५** | **–** | **१९** | **११** |
| **वडा कार्यालय तर्फ** | | | | | | | |
| १ | नायब सुब्बा (सहायक स्तर पाँचौ) | १० | ५ | ४ | ० | ९ | १ |
| २ | सब ईन्जिनियर, अ.सब. ईन्जिनियर) | १० | ० | ७ | ० | ७ | ३ |
| ३ | खरिदार (सहायक स्तर पाँचौ) | १० | २ | ६ | ० | ८ | २ |

श्रोत: फिल्ड सर्वेक्षण, २०७८ जेष्ठ

## २.३ नगरपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस लेकबेशी नगरपालिका आफ्नै कार्यालय भवनमा सञ्चालन भैरहेको छ। साथै १० वटा वडा कार्यालयहरु पनि आफ्नो भवनमा नै सञ्चालन भैरहेका छन् । सवारी साधन अन्तर्गत यस नगरपालिकामा एक वटा फोहोर मैला ओसार्ने ट्याक्टर, स्कारपियो, स्काइभेटर रहेको छ । यस नगरपालिका तथा सबै वडाहरुमा कम्प्युटर तथा प्रिन्टर, टेबुल, कुर्सी, सोफा, दराज लगायत कार्यालय सामाग्रीहरु रहेका छन् ।

# परिच्छेद - तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेद तीनमा नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरुलाई शीर्षकगत रुपमा बिस्तृत विश्लेषण गरिएको छ । यस विश्लेषणबाट नगरपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग गर्नेछ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानीक तथा कानुनी व्यवस्था

### ३.१.१ संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको वित्तीय अधिकार अन्तर्गत स्थानीय तहहरुले सम्पत्ति कर (घरजग्गा कर), घरबहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमिकर (मालपोत), मनोरञ्जन कर, विज्ञापन कर र व्यवसाय कर लगाउन सक्नेछन र गैरकर अन्तर्गत सेवा शुल्क, दस्तुर, पर्यटन शुल्क र दण्ड जरिवाना सङ्कलन गर्न सक्नेछन् । राजस्व अधिकार सम्बन्धी विभिन्न तहहरुको एकल तथा साझा अधिकार सम्बन्धी विवरण तल प्रस्तुत गरिएको छ (तालिका ४, चित्र ४) ।

तालिका ४: तहगत राजस्व अधिकार

| सङ्घ | प्रदेश | स्थानीय | साझा |
|---|---|---|---|
| ❖ भन्सार<br>❖ अन्तः शुल्क<br>❖ मुल्य अभिवृद्धि कर<br>❖ संस्थागत आयकर<br>❖ व्यक्तिगत आयकर<br>❖ पारिश्रमिक कर<br>❖ राहदानी शुल्क<br>❖ भिसा शुल्क<br>❖ पर्यटन दस्तुर<br>❖ सेवा शुल्क<br>❖ दस्तुर<br>❖ दण्ड जरिवाना | ❖ घरजग्गा रजिष्ट्रेशन शुल्क,<br>❖ सवारी साधन कर<br>❖ मनोरञ्जन कर<br>❖ विज्ञापन कर<br>❖ पर्यटन<br>❖ कृषि आयमा कर<br>❖ सेवा शुल्क दस्तुर<br>❖ दण्ड जरिवाना | ❖ सम्पत्ति कर<br>❖ घर बहाल कर<br>❖ घर जग्गा रजिष्ट्रेशन शुल्क<br>❖ सवारी साधन कर<br>❖ सेवा शुल्क दस्तुर<br>❖ पर्यटन शुल्क<br>❖ विज्ञापन कर<br>❖ व्यवसाय कर<br>❖ भूमिकर (मालपोत)<br>❖ मनोरञ्जन कर<br>❖ मालपोत सङ्कलन<br>❖ दण्ड जरिवाना | ❖ सेवा शुल्क,<br>❖ दस्तुर,<br>❖ दण्ड जरिवाना<br>❖ प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी,<br>❖ पर्यटन शुल्क |

*स्रोत : नेपालको संविधान*




चित्र ४: तहगत राजस्व अधिकार

### ३.१.२ कानुनी व्यवस्था

सङ्घीय कानुन अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ :

**क) नगरपालिकाको एकल अधिकार:**

**१) कर**

- **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घर जग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल कऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*

- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।
- **व्यवसाय कर:** पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा ।
- **सवारी कर:** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडीवुटी, कबाडी र जीवजन्तु कर:** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीवुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

### २) शुल्क

- **बहाल बिटौरी शुल्क:** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।
- **पार्किङ् शुल्क:** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

### ३) सेवा शुल्क

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाईडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा ।
- नगरपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

### ४) दस्तुर

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
  - एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधीक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
  - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

### ५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य बस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

### ६) सामुदायिक वनबाट आय प्राप्त गर्ने

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई नगरपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

### २) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)):

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो, पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल

- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीवुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नानुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था** (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)

(क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

(ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने

(घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

*(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम नगरपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।*

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मुल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिसमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
    - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**


- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- सशर्त अनुदानः कुनै योजना कार्यान्वियन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वियन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन् ।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्नेः कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।




चित्र ५: स्थानीय तहको आय स्रोत

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ अनुसार एकल कर प्रशासन (आर्थिक ऐन २०७५ बाट अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ दफा ५ र ६ मा भएको संशोधन) अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बीच निम्न किसिमले बाँडफाँड गर्ने कानुनी व्यवस्था छ (तालिका ६):

तालिका ५: एकल कर प्रशासन अन्तर्गत उठेको राजस्वलाई स्थानीय र प्रदेश तह बिच बाँडफाँट व्यवस्था

| **करका क्षेत्रहरु** | **दर निर्धारण गर्ने** | **सङ्कलन गर्ने तह** | **राजस्व बाँडफाँड (प्रतिशतमा)** | |
|---|---|---|---|---|
| | | | **प्रदेश** | **स्थानीय तह** |
| सवारी साधन कर | प्रदेश | प्रदेश | ६० | ४० |
| रजिष्ट्रेशन शुल्क | प्रदेश | स्थानीय | ४० | ६० |
| मनोरञ्जन कर | प्रदेश | स्थानीय | ४० | ६० |
| विज्ञापन कर | स्थानीय तह | स्थानीय | ४० | ६० |
| अन्य सवारी साधन कर ( टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा) | स्थानीय तह | स्थानीय तह | - | १०० |

*स्रोत: अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ (आर्थिक ऐन २०७५ द्वारा संशोधित) दफा ५ र ६*

एकल कोषको व्यवस्थापन देहाय अनुसार हुनेछ-

- यस्तो एकल कर बाँडफाँट प्रयोजनका लागि सङ्कलन गर्ने तहले (प्रदेश र स्थानीय) संकलित रकम विभाज्य कोषमा जम्मा गर्नुपर्ने हुन्छ ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्ने ।
- प्रदेशले सवारी साधन करबाट उठेको रकम प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने र मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।
- स्थानीय तहले विभाज्य कोषमा रहेको रकमको चालिस प्रतिशत आवधिक रुपमा प्रदेशको सञ्चित कोषमा दाखिला गर्नुपर्ने ।

स्थानीय तहले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगको आधारमा भूमिकर ( मालपोत) लगाउने छ । आर्थिक ऐन, २०७५ (पछि केही नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ द्धारा संशोधित) ले घर र त्यसले चर्चेको निश्चित जग्गामा सम्पत्ति कर लगाएपछि सो भन्दा बढी जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने व्यवस्था छ । तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाइने छैन ।

अन्तरसरकारी वित्त व्यवस्था ऐन, २०७४ अनुसार प्राकृतिक श्रोतको रोयल्टी बाँडफाँड अन्तर्गत पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज, पानी तथा अन्य प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी बाँडफाँड सम्बन्धमा व्यवस्था गरेको छ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ अनुसार मुल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्त शुल्क रकम मध्येबाट उठेको रकमलाई सङ्घीय विभाज्य कोषमा राखी सोरकमबाट सङ्घीय सरकारले ७0%, प्रदेशले १५% र स्थानीय तहले १५% बाडँफाँट गर्ने व्यवस्था रहेको छ ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ अनुसार विभिन्न तहका सरकारहरुका बीचमा अनुदान सिफारिस गर्दा लिइने आधारहरु, राजस्वको बाँडफाँड गर्दा लिईने आधारहरु र प्राकृतिक स्रोतको परिचालन गर्दा लिईने आधार र मापदण्डहरु तयार गरी कार्यान्वयनका लागि सहजीकरण गर्नु पर्ने व्यवस्था रहेको छ । प्राकृतिक स्रोतको बाँडफाँड सम्बन्धी विषयमा सङ्घ र प्रदेश, प्रदेश र प्रदेश, प्रदेश र स्थानीय तह तथा स्थानीय तहहरू बीच उठ्न सक्ने सम्भावित विवादको विषयमा अध्ययन अनुसन्धान गरी त्यसको निवारण गर्न समन्वयात्मक रूपमा काम गर्न राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सम्बन्धित तहहरुलाई सुझाव दिने संबैधानिक व्यवस्था रहेको छ । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले प्राकृतिक स्रोतको बाँडफाँड गर्दा सोसँग सम्बन्धित वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धमा आवश्यक अध्ययन र अनुसन्धान गरी नेपाल सरकारलाई सिफारिस समेत गर्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

राजस्व परिचालन चक्र र प्रक्रिया तलको चित्रमा प्रस्तुत गरिएको छ (चित्र ६)




चित्र ५: राजस्व परिचालन चक्र र प्रक्रिया

## ३.२ नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

नगरपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ। यसले नगरपालिकामा सम्भावना भएका आयका शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ। तालिका ७ मा आयका शीर्षक र संभावनाहरु प्रस्तुत गरिएको छ।

तालिका ६: नगरपालिकाको आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| क. | **कर तर्फ** | | | |
| | भूमि कर (मालपोत) | छ | छ | भएको |
| | सम्पत्ति कर | एकिकृत सम्पत्ति करको रुपमा | छ | भएको |


| क.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | | भूमि करबाट नै सङ्कलन भयको | | |
| | सवारी कर (टाँगा, रिक्सा, **अटोरिक्सा**, **इरिक्सा**) | छ | छ | भएको |
| | घर जग्गा बहाल कर | छ | छ | भएको |
| | व्यवसाय कर | छ | छ | नभएको |
| | जडीबुटी, कबाडी र जिवजन्तु कर | छ | छ | नभएको |
| | विज्ञापन कर | छ | छ | नभएको |
| | मनोरन्जन कर | छ | छ | नभएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य बस्तुको बिक्री | छ | छ | भएको |
| | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिकी | छ | छ | नभएको |
| | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छ | छैन | नभएको |
| | नक्सापास दस्तुर | छ | छ | भएको |
| | व्यक्तिगत घटना दर्ता बिलम्ब शुल्क | छ | छ | भएको |
| | बहाल बिटौरी शुल्क | छ | छैन | नभएको |
| | पार्किङ्ग शुल्क | छ | छ | नभएको |
| | अस्पताल सञ्चालन | निर्माणको चरणमा छ | | |
| | फोहरमैला व्यवस्थापन शुल्क | छ | छ | नभएको |
| | स्थानीय खानेपानी महसुल | छ | छैन | नभएको |
| | स्थानीय विद्युत महसुल | छ | छैन | नभएको |
| | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिपप्लाईर, प्याराग्लाईडिङ्ग आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छैन | | |
| | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पुर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाट बजार, पशु वधशाला, शवदाह गृह, घोविधाट, सडक, बसपार्क, पुल आदि | छ | छ | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था भएको/नभएको | सङ्कलन भएको/नभएको |
|---|---|---|---|---|
| | मूल्याङ्कन सेवा शुल्क | छ | छ | भएको |
| | दर्ता, अनुमति तथा नवीकरण दस्तुर (एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र,विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म आदि) | छ | छ | नभएको |
| | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | छ | भएको |
| | वडा मार्फत गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | छ | भएको |
| | दण्ड जरिवाना | छ | छ | भएको |

उल्लेखित तालिकाका आधारमा विश्लेषण गर्दा नगरपालिकाले कर तर्फ १० वटा शीर्षकहरूमा आय सङ्कलन गर्ने सम्भावना देखिन्छ । जसमध्ये सम्पत्ति कर, सवारी कर, बहाल कर, जडीवुटी, जिवजन्तु कबाडी कर, विज्ञापन, भूमिकर, व्यवसाय करका दरहरू निर्धारण गरी राजस्व सङ्कलन गरिरहेको छ भने व्यवसाय कर, मनोरञ्जन कर आदिको आर्थिक ऐनमा करको दर निर्धारण गरेको छ भने राजस्व सङ्कलन भएको देखिदैन । त्यसैगरी गैर कर तर्फ समग्रमा जम्मा १८ वटा शीर्षकहरू मध्ये १६ वटा शीर्षकहरूबाट आय सङ्कलन गर्ने सम्भावना देखिन्छ । स्थानीय तहलाई पार्किङ, स्थानीय खानेपानी महसुल, स्थानीय विद्युत महसुल, एफएम रेडियो आदिको दर्ता, अनुमति तथा नवीकरण दस्तुर गर्ने अधिकार प्राप्त भएकोले दर निर्धारण भएको छ । तर राजस्व सङ्कलन भएको छैन ।

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

नगरपालिकाले आन्तरिक स्रोत अन्तर्गत विभिन्न शीर्षक अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन् जस अनुसार प्रमुख क्षेत्रहरु कर राजस्व र गैह्रकर राजस्वका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र नं. ६) ।




चित्र ६: राजस्व तथा करका विभिन्न शीर्षकहरु

### ३.३.१ कर राजस्व

#### क. सम्पत्ति कर

**हालको अवस्थाः** यस नगरपालिकाले नगर क्षेत्र तथा अन्य क्षेत्रको जग्गाको वर्गिकरण गरी सो जग्गालाई विभिन्न दरमा मूल्याङ्कन गरेको छ । यसैगरी घरको पनि विशेषताको आधारमा मूल्याङ्कन गरेको छ । यसरी हुन आउने कुल सम्पत्तिको आधारमा सम्पत्ति कर निर्धारण गरेको पाईन्छ । विगतको आ.व. २०७५/७६ देखि सम्पत्ति कर (तत्कालीन एकीकृत सम्पत्ति कर) लागू गर्ने उद्देश्य अनुरुप सम्पत्ति कर सम्बन्धी तालिम कार्यक्रम सञ्चालन गर्नुका साथै आवश्यक सफ्टवेयर जडान गरिएको छ । सोही आ.व. देखि लागू हुने गरी एकीकृत सम्पत्ति करको प्रावधानमा परिमार्जन गरिएसँगै केही अन्यौलताका बिच यो कर लागु भएको बुझिन्छ । गत आ.व. ०७७/०७८ मा जम्मा रकमः रु. ९,७८,६१७ सङ्कलन भएको थियो ।

**सम्भाव्यताः**

नगरपालिकाको वस्तुस्थिति विवरण २०७४ अनुसार यहाँ कुल ६३४६ घरधुरी रहेका छन् । विद्यमान कानुनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा

बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको हुँदा कुल ६३४६ मध्ये करिव ९५.४६% को आफ्नै घर रहेको देखिन्छ। (लेकबेशी नगरपालिकाको पार्श्वचित्र २०७४)। यसलाई मान्दा करिव ५९९१ घरधुरीको आफ्नै घर रहेको हुँदा सो घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ। तसर्थ नगरपालिका प्रोफाइलमा उल्लेख भए बमोजिम कुल घरधुरीका स्वामित्वमा भएका घरहरुलाई घरहरूलाई कच्ची र फुस/खरले छाएका घर, ढुंगा, माटो/खर/टायल/टिनको छानो भएका घर, टायल वा ढुगांले छाएका घर, र वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर गरी ४ समूहमा विभाजन गरी यी चार किसिमका घरधुरीलाई तल उल्लेखित दरमा कर निर्धारण गर्नु उपयुक्त हुने प्रस्ताव गरिएको छ। यस अनुसार हुन आउने सम्पत्ति करको गणना निम्न अनुसार रहेको छ :

तालिका ७: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| **करदाता सम्बन्धी विवरण** | **करदाताको संख्या** | **करको औसत दर (प्रस्तावित)*** | **सम्भाव्य कुल आय रु.** |
|---|---|---|---|
| कच्ची र फुस/खरले छाएको घर भएका करदाता | ३३२६ | २०० | ६६५२०० |
| ढुंगा,माटो र टायल/टिनको छानोको घर भएका | २६६६ | ९०० | २३९९४०० |
| वाल सिस्टम/पिलर सिस्टम/भूकम्प प्रतिरोधी घर भएका करदाता | २५१ | ३५०० | ८७८५०० |
| अन्य | १०३ | २०० | २०६०० |
| **जम्मा** | **६३४६** | | **३९६३७००** |

स्रोत: लेकबेशी नगरपालिकाको पार्श्वचित्र २०७४

यस टेबुलमा लेकबेशी नगरपालिकाको घरधुरी सङ्ख्यालाई यस नगरपालिकाको पार्श्वचित्र २०७४ मा उल्लेख भए अनुसार घरको बनावटको तथ्याङ्कमा उल्लेखित प्रतिशतको आधारमा हालको घरधुरी सङ्ख्या अनुमान गरी राजस्व दर निर्धारण गरी सम्पत्ति करको अनुमान गरिएको छ।

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागि यस नगरपालिकाले गर्नुपर्ने विषयहरू निम्न अनुसार रहेको देखिन्छ :

- ✓ नगरपालिका भित्रका सम्पूर्ण घरधुरीहरुलाई सम्पत्ति करको दायरा भित्र ल्याउने।
- ✓ सम्पत्ति कर तथा मालपोत कर छुट्टाछुट्टै निर्धारण गर्ने।
- ✓ घर करको रुपमा लिइएको सम्पत्ति करलाई सम्पत्ति कर नै उल्लेख गरी प्रगतिशिल करको दर निर्धारण गरी समावेश गर्ने।

- ✓ सम्पत्ति कर सम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम सञ्चालन गर्ने ।
- ✓ सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।
- ✓ सम्पत्ति कर सम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर नगरपालिका कार्यालय तथा सबै वडाहरूबाट सङ्कलन गर्ने ।

## ख. मालपोत वा भूमि कर

**हालको अवस्था:** नगरपालिकाको आर्थिक ऐनको दफा ३ को अनुसूची २ अनुसार सम्पत्ति कर लगाइने र असुल उपर गरिएको थियो भनि उल्लेख गरिएको छ । स्थानीय तहको उक्त ऐनमा जग्गालाई समेत सम्पत्ति करको रुपमा मानी सोही अनुसार करको दर निर्धारण गरिएको छ । मालपोत कार्यालय सुर्खेतले मालपोत कर प्रयोजनको लागि खेती गरिएका जग्गाहरूलाई धनहर ( खेत तर्फ) र भिर पाखोमा विभाजन गरी पुन सोलाई अबल, दोयम, सिम र चाहारमा वर्गिकरण गरी जग्गाको मूल्याङ्कन गरी राजस्व दर निर्धारण गरेको छ । यसै गरी घर तथा घडेरी प्रयोजनको लागि आउने जग्गाहरूलाई तलको तालिका अनुसार वर्गिकरण गरेको छ । जग्गाको विभिन्न वर्गिकरण अनुसार कर सङ्कलन गर्ने नियममा उल्लेख गरिएको छ । जस अनुसार बजार क्षेत्र, बजार क्षेत्र देखिको दुरी, बारी र खेतलाई आधार मानी सो जग्गाको क्षेत्रफल अनुसार कर सङ्कलन गर्ने व्यवस्था गरिएको छ ।

**सम्भाव्यता:**

नगरपालिकाको आ.व. २०७८/७९ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिका अनुसार कुल यस नगरपालिकाको कुल ६३४६ घरधुरीको आफ्नै घर रहेको छ । यस नगरपालिकाको करिव २६.५६% जमिन कृषि योग्य जमिन रहेको छ । यसैगरी करिव २.७८% जमिन आवास क्षेत्र रहेको छ । नगरपालिकाको वार्षिक बजेट पुस्तिका (२०७८) अनुसार करिव २९३३ हेक्टर जमिनमा खेती गरिएको छ । यसरी करिव ५७,६०० रोपनी जग्गामा खेती गरिएको छ । यस आधारमा प्रति रोपनी औसतमा रू २० को दरले कर लगाउँदा करिव रू. १३,३१,४४० राजस्व उठ्ने संभावना देखिन्छ ।

तालिका ८: जग्गा सम्बन्धी विवरण

| सि. नं. | जग्गा जमिनको विवरण (कठ्ठा) | जमिन हुने घरधुरी | कर को दर रेट प्रति कठ्ठा रु. | जम्मा |
|---|---|---|---|---|
| १ | ३ कठ्ठासम्म | १३०१ | १० | २६०२० |
| २ | ४ देखि १० कठ्ठासम्म | १७३९ | १५ | १५६५१० |
| ३ | १० देखि २० कठ्ठासम्म | १३९६ | १५ | ३१४१०० |
| ४ | २० देखि ३५ कठ्ठासम्म | १२४४ | १५ | ४८५१६० |
| ५ | ३५ कठ्ठा भन्दा माथि | ६६६ | १५ | ३४९६५० |
| | **जम्मा** | **६३४६** | | **१३,३१,४४०** |

स्रोत: लेकबेशी नगरपालिकाको पार्श्वचित्र २०७४

**सुधारका पक्षहरू:**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन्:

- ✓ नगरपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।
- ✓ करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मुल्य जाने क्षेत्रहरुमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- ✓ मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

### (ग) घरजग्गा बहाल कर

**हालको अवस्था:** नगरपालिकाको चालू आर्थिक ऐनको दफा ४ अनुसार नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहाल दिएकोमा १० प्रतिशतका दरले घर बहाल कर लगाई असुल उपर गरिएको थियो भन्ने उल्लेख गरेको छ । केन्द्रिय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार यस नगरपालिकाको करिव ४.५३% घरधुरी भाडाको घरमा बस्ने उल्लेख छ । यसै गरी दर्जन भन्दा बढी बैंक तथा वित्तीय संस्था, गै.स.स, व्यवसायिक संस्थाहरु समेत घर बहाल लिई बसेको देखिन्छ । यसरी करिव २८८ घरपरिवार तथा तथा अन्यमा करिव ६७ घर बहाल लिई बसेका छन् । गत वर्ष घरजग्गा बहाल कर शीर्षकमा कुल रु. ९३,९२३ सङ्कलन भएको थियो भने चालु आ.व.को चैत्र मसान्तसम्ममा यस शीर्षकमा राजस्व सङ्कलन भएको छैन ।

**सम्भाव्यता:**

यस नगरपालिका क्षेत्रमा न्यून घर तथा जग्गा मात्र बहालमा रहेका छन् जस अनुसार कुल ३५५ परिवार मात्र भाडाको घरमा बस्दै आएका छन् । करिव ३५५ घरपरिवारले वार्षिक १८,००० को दरले घर बहाल बुझाउँदा करिव रू. ६३,९०,००० बहाल उठ्ने देखिन्छ । सो को १०% ले हुन आउने रकम ६,३९,००० बहाल कर उठ्न सक्ने देखिन्छ । यसैगरी बजार क्षेत्रमा रहेका करिव ७२५ संस्थाहरूले वार्षिक करिव ३६,००० को दरले घर बहाल बुझाउँदा करिव रू. २,६१,००,००० बहाल उठ्ने देखिन्छ । सोको १०% ले हुन आउने रकम २६,१०,००० बहाल कर उठ्न सक्ने देखिन्छ । नगरपालिकाले यसै आधारमा बहाल कर उठाउँदा वार्षिक करिव रू. ३२,४९,००० बहाल कर उठ्ने देखिन्छ ।

**सुधारका पक्षहरू:**

व्यवसायिक तथा आवासीय प्रयोजनका लागि बहालमा प्रयोग भएका घर तथा जग्गाको परिमाण, मासिक बहालको दर अनुसारको लगत तयारी, बहाल करको स्वीकृत दर बमोजिम प्रभावकारी कार्यान्वयन गर्न नगरपालिकाले विशेष पहल गर्नुपर्ने देखिन्छ । नगरपालिकाद्वारा घर जग्गा

बहालमा लगाउने र बस्ने व्यक्तिहरुको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्नुपर्ने देखिन्छ । यसको लागि लगत तयार गर्ने कार्य वडास्तरलाई जिम्मा दिने र कर प्रयोजनको लागि राजस्व शाखाले लगत राख्नुपर्ने देखिन्छ ।

### घ. व्यापार व्यवसाय कर

#### हालको अवस्थाः

नगरपालिकाको आर्थिक ऐनको दफा ५ अनुसुची ३ मा व्यापार, व्यवसाय र सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था उल्लेख गरेको छ । आर्थिक ऐनको अनुसूचि ३ मा विभिन्न व्यवसायमा लाग्ने व्यवसाय कर सम्बन्धी उल्लेख गरेको छ । आ.व ७७/७८ मा यो शीर्षकका राजस्व सङ्कलन गरेको देखिदैन ।

#### सम्भाव्यताः

यस नगरपालिकाको पार्श्वचित्र २०७४ तथा वार्षिक योजना २०७८ मा यस नगरपालिका क्षेत्रभित्र भएका व्यवसायहरुको बारेमा उल्लेख गरिएको छ । हालै केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०१८ को प्रारम्भिक नतिजा अनुसार यस नगरपालिकामा ६४५ वटा व्यवसाय रहेका र २५८० जना व्यवसायमा संलग्न रहेको देखिन्छ ।

तालिका ९: व्यवसाय सम्बन्धी विवरण


| सि.न. | व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | सम्भावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | १८ | ३०० | ५४०० |
| २ | उत्पादन | ६८ | ५०० | ३४००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ३ | १००० | ३००० |
| ४ | थोक तथा खुद्रा व्यापार | ३७४ | १००० | ३७४००० |
| ५ | होटल, लज | ७९ | १५०० | ११८५०० |
| ६ | वित्त, वीमा | ११ | ५००० | ५५००० |
| ७ | अन्य | ९२ | ५०० | ४६००० |
| | **जम्मा** | **६४५** | | **६३५९००** |

श्रोतः आर्थिक सर्वेक्षण २०७५, केन्द्रिय तथ्याङ्क विभाग

यस टेबुलको आधारमा विश्लेषण गर्दा व्यवसाय कर असुली गर्दा रु. ६,३५,९०० सङ्कलन हुने सम्भावना देखिन्छ । यसैगरी नयाँ व्यवसाय दर्ता तथा नविकरण गर्दा यो राजस्व रकम अझ बढ्न सक्ने देखिन्छ ।

#### सुधारका पक्षहरूः

नगरपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ (चित्र नं. ७) ।




चित्र ७: व्यवसाय कर सङ्कलनको सम्भावित सुधारहरु

### ङ. जडीवुटी, कबाडी, जीवजन्तु कर

**हालको अवस्था:**

नगरपालिकाको आर्थिक ऐनको दफा ६ अनुसुची ४ मा नगरपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीवुटी, बनकस, कबाडी माल, र प्रचलित कान'नले निषेध गरेको जीवजन्तु बाहेकका मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला, तथा अन्य कबाड सिसा आदि अनुसुची ४ बमोजिमको शुल्क लगाईने उल्लेख गरेको छ । आ.व ७७/७८ मा यस शीर्षकबाट राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना:**

यो स्थानीय तहमा ऊन, खोटो, जडीवुटी, बनकस, आदि जातका महत्वपूर्ण प्रजातिहरू पाइन्छन् र त्यसको व्यवसायिक कारोवार भईरहेको छ । सामुदायिक वनले यस्ता वस्तुको सङ्कलन तथा बिक्री गरी आएको छ । नगरपालिकाले यसको लागि कर निर्धारण गरेको छ । नगरपालिका क्षेत्रबाट करिव २०,००० किलो जडीवुटी सङ्कलन गर्न सकिने सम्भावनाको आंकलन गरिएको छ । विविध प्रकारका जडीवुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रु ५० पैसा का दरले कर लिंदा रु १०,००० सङ्कलन हुने संभावना देखिन्छ । यसै गरी कबाडी मालसामानको निकासीबाट पनि राजस्व सङ्कलन हुने संभावना छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

कबाडी, जडिवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- ✓ नगरपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने ।
- ✓ जडीवुटीको किसिम अनुसार करको दर निर्धारण गरी आर्थिक ऐनमा उल्लेख गर्ने ।

**ङ. विज्ञापनकर**

**हालको अवस्थाः** यस नगरपालिकाको आर्थिक ऐनको दफा ८ अनुसुची ६ मा विज्ञापन कर सम्बन्धी व्यवस्था साथै करको दर समेत उल्लेख गरिएको छ । उक्त कानुन अनुसार नगरपालिकाले आफ्नो क्षेत्रभित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइनबोर्ड/होडिङबोर्ड आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था छ । प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा व्यवस्था भएमा सोही अनुसार हुने उल्लेख छ । सङ्घीय कानुन अनुसार विज्ञापन कर प्रदेश सरकारसँग बाँडफाँड हुने कर हो । विज्ञापन करको दर निर्धारण तथा सङ्कलन नगरपालिकाले गर्दछ र उक्त संकलित रकम मध्ये ४० प्रतिशत प्रदेश सरकारले र बाँकी स्थानीय तहले लिने व्यवस्था रहेको छ । नगरपालिकाले पर्यटकीय सम्भावना रहेका स्थानहरू, सडकका छेउमा होर्डिङ्ग बोर्ड राखेर विज्ञापन कर सङ्कलन गर्न सक्ने छ । आ.व ७७/७८ मा यस शीर्षकमा राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भाव्यताः**

नगरपालिका क्षेत्रमा हुने विज्ञापन सामाग्री सम्बन्धी आवश्यक तथ्याङ्क छैन । यस नगरपालिका भित्र रहेका मुख्य व्यापारिक केन्द्रहरु दशरथपुर बजार, धुलियाबिट सडको आसपासमा, नेटा, कल्याण, साटाखानी, लेखफर्सा आदी रहेका छन् । यी क्षेत्रहरु विज्ञापनका लागि उपयुक्त रहेका छन् । केही मात्रामा विज्ञापन सामाग्रीहरु स्थापना हुने क्रममा रहेका छन् । यस नगरपालिकामा सडक र बजारको विकास र विस्तारसँग विज्ञापन सामाग्रीको बृद्धि हुँदै जाने अनुमान गरिएको छ । नगरपालिकाको बजार क्षेत्रमा साना बोर्ड करिव २०० वटा, मझौला १०० वटा र ठूला साइजका बोर्ड करिव ५० वटा स्थापना हुन सक्ने देखिन्छ । ठुलो साइजको बोर्डको करिव प्रति बोर्ड रू. १५००, मझौला खालको बोर्डको रू. १००० र साना बोर्डको रू. ५०० को दरले कर लगाई विज्ञापन कर लिंदा करिव रू. २,७५,००० कर सङ्कलन हुने र सोको ६०% ले हुन आउने रकम रू. १,६५,००० रकम सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

सुधारका पक्षहरु निम्नानुसार गर्न सकिन्छ:

- ✓ विज्ञापनका लागि उपयुक्त स्थानहरूको बारेमा तथ्याङ्क सङ्कलन गर्ने ।
- ✓ विज्ञापन प्रवर्धनका लागि राष्ट्रिय, प्रदेश, जिल्ला र स्थानीय व्यवसायीसँग समन्वय र सहकार्य गर्ने ।
- ✓ विज्ञापन एजेन्सीहरुसँग परामर्श र समन्वय गरी विज्ञापन सामाग्री जडानका लागि अनुरोध गर्ने ।
- ✓ विज्ञापनका सामग्री तथा प्रयोग भएका स्थानका सन्दर्भमा यथार्थ तथ्याङ्क लगत राख्ने ।
- ✓ विज्ञापनका सामाग्रीको साइज (आकार) अनुसार विज्ञापन करको दर निर्धारण गर्ने ।
- ✓ सम्भाव्य स्थानहरुमा विज्ञापन प्रवर्द्धनको वातावरण तयार गर्ने ।

## च. साना सवारी कर

**हालको अवस्था:** यस नगरपालिकाको आर्थिक ऐनको दफा ७ अनुसुची ५ मा सवारी साधन दर्ता तथा वार्षिक सवारी कर सम्बन्धी व्यवस्था साथै करको दर सवारी साधन कर प्रदेश कानुन तथा नगरपालिकाको अटोरिक्सा व्यवस्थापन कार्यविधी, २०७६ बमोजिम हुनेछ । तर प्रदेश कानुन स्वीकृत भइ सो कानुनमा व्यवस्था भएमा सोहि अनुसार हुने उल्लेख छ । गत आ.व. २०७७-७८ मा यस शीर्षकमा राजस्व सङ्कलन गरेको देखिदैन ।

**सम्भावना :**

नगरपालिका क्षेत्र बिस्तारको क्रममा रहेको र गाउँ जोड्ने सडकहरू पिच हुने अवस्थामा रहेको हुँदा यहाँका स्थानीयहरूले अटो रिक्शा किन्ने तथा भाडामा चलाउने क्रम बढ्दो छ । अतः यो आगामी वर्ष साना सवारी साधन करको मात्रा बढ्ने देखिन्छ । नगरपालिकाको आर्थिक ऐनमा अटो रिक्साको दर्ता, नविकरण, रुट प्रमिट गरी विभिन्न किसिमको सवारी कर लिने व्यवस्था सवारी साधन कर प्रदेश कानुन तथा नगरपालिकाको अटोरिक्सा व्यवस्थापन कार्यविधी, २०७६ बमोजिम आगामी वर्ष अटो रिक्सा नविकरण तथा दर्ता गर्दा यस शीर्षकमा करिव रू १,००,००० कर सङ्कलन हुने अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

अटो रिक्सा, ई-रिक्सा लगाएत साना सवारी साधनको तथ्याङ्क अद्यावधिक गर्ने ।

## ३.३.२ गैरकर राजस्व

**क. बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवम् खानीजन्य वस्तुको बिक्री)**

**हालको अवस्था :** स्थानीय सरकार सञ्चालन ऐन २०७५ को दफा ६२ क मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा ढुंगा, गिट्टी, बालुवा र माटो बिक्री गरी कर उठाउन सक्ने प्रावधान रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन नगरपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साविकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिशका आधारमा स्थानीय तहले ढुंगा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ ।

वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनि व्यवस्था गरेकोले र नेपाल सरकारले गत श्रावणमा जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा बिक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोलानालाको आफ्नै निर्णयले खानी क्षेत्रको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि र वन तथा चुरेक्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, सङ्कलन र बिक्री गर्दा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन् र बिक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी गत २०७७ असार १ नेपाल र प्रकाशित वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मिटरसम्म र खोलाको हकमा जतिसुकै भएपनि ढुंगा, गिट्टी, बालुवा, माटो आदि उत्खनन् गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नुपर्ने र यस सम्बन्धी अध्ययन तथा स्वीकृति कार्यको टुंगो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा के के विषयलाई प्राथमिकता दिई विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ । आ.व ७७/७८ मा यस शीर्षकबाट राजस्व सङ्कलन गरेको भएता पनी उक्त शीर्षकमा प्रविस्ट भएको देखिएन ।

**सम्भावना :**

यस नगरपालिकाको भेरी नदी, राते खोला, चिङ्गाड खोला, राउटे खोला, झुप्रा खोला, गम खोला, मझुवा खोला, न्याउल खोला, खहरे खोला, कोल खोलाहरूमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्न सकिने देखिन्छ । यसै गरी यस आ.व.सम्ममा चिङ्गाड खोलामा वार्षिक ६५,००० घन मिटर, गम खोलामा वार्षिक १८,७९२ घन मिटर, रातेखोला भेरी दोभानमा वार्षिक

१४,५७६.९ घन मिटर र राते खोलामा वार्षिक २५,०२० घन मिटर उत्खनन तथा प्रशोधन गर्न सकिने प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कन ले प्रमाणित गरिसकेको र सो ठाउँमा ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् गर्नेछ । अतः अध्ययन भएका सबै खोलाबाट प्रती घनमिटर ११९.५९ को दरले लगाउदा र यसको ६० प्रतिसले हुन आउने करिव रू. ८८,६७,९९७.९३ उठ्न सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधारका पक्षहरू :**

नगरपालिका अन्तर्गतका खानीजन्य तथा प्राकृतिक वस्तुहरुको परिमाण, गुणस्तर र वातावरणीय पक्षका विषयमा अध्ययन गरी सोको आधारमा परिचालनका लागि पहल गर्नुपर्ने हुन्छ । नेपाल सरकारले हालै जारी गरेको ढुंगा गिट्टी बालुवा उत्खनन्, व्यवस्थापन तथा बिक्री वितरण सम्बन्धी मापदण्ड, २०७७ बमोजिम वातावरणीय परीक्षण तथा उत्खनन् र बिक्री वितरण गर्न आवश्यक सुधार समेत गर्नुपर्ने देखिन्छ । कानुनको मनसाय अनुसार स्थानीय तहले आफ्नै आर्थिक ऐन मार्फत यसको दर निर्धारण गर्नुपर्ने र प्रारम्भिक वातावरणीय परीक्षण पनि आफैले स्वीकृत गर्नुपर्ने देखिन्छ । विभिन्न वातावरणीय पक्षलाई मध्यनजर गर्दै तल उल्लेखित सुधारहरु गरे अनुमानित राजस्व उठ्न सक्ने देखिन्छ ।

- ✓ वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ✓ ठेक्का नलाग्ने अवस्था भएमा नगरपालिका आफैले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ✓ ठेक्का नलागुञ्जेलका लागि नगरपालिका स्वयम्ले रकम सङ्कलन गर्ने ।
- ✓ नगरपालिकाले आर्थिक ऐनमा नियम विपरित सङ्कलन गर्ने ठेकदारलाई कारबाही, दण्ड जरिवाना गर्न सकिने प्रावधान समावेश गर्ने ।
- ✓ सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

**ख) बहाल बिटौरी शुल्क**

**हालको अवस्थाः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार नगरपालिका भित्र नगरपालिकाले सञ्चालन गरेको हाटबजार वा सरकारी जग्गामा बनेका संरचना उपयोग गर्न दिए वापत बहाल बिटौरी शुल्क लगाउन सङ्कलन गर्न पाउने कानुनी व्यवस्था रहेको छ । आ.व. २०७७-०७८ मा यस शीर्षकमा राजस्व सङ्कलन भयको देखिदैन ।

**संभावनाः**

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरुको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ

। सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रबन्ध सम्बन्धित स्थानीय तहले गर्नुपर्ने भएकोले उक्त पालिका क्षेत्रभित्रका यस्ता जग्गाहरुको खोजी गरी लगत व्यवस्थापन गर्नुपर्ने हुन्छ । यसैले स्थानीय तहले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार, पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ । नगरपालिकाको वस्तुगत विवरण २०७४ अनुसार नगरपालिकामा रहेका सार्वजनिक जग्गा वडा नं. १ स्थित हाट बजार (५ विघा) र वडा नं. ५ स्थित डाँडागाउँ (१२ विघा) जग्गालाई आवश्यक व्यवस्थापन गरी भाडामा लगाए आगामी वर्ष यस विषयमा करिव रू. १,००,००० सङ्कलन गर्न सक्ने संभावना देखिन्छ ।

## ग. वन पैदावर बिक्रीबाट प्राप्त शुल्क

### विद्यमान अवस्था

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको दश प्रतिशत सम्बन्धित स्थानीय तहका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ । यस नगरपालिकाले हालसम्म यस शीर्षकमा रकम लिएको पाइँदै । यस बारेमा पालिकाको आर्थिक ऐनमा समेत व्यवस्था गरेको छैन ।

### सम्भावना :

यस नगरपालिकामा करिव ३७ वटा सामुदायिक वन र १ वटा निजी वन रहेकोले ती वनहरुबाट बिक्री हुने वन पैदावरको परिमाण सम्बन्धी तथ्याङ्क नभएकाले आगामी आ.व.मा सामुदायिक तथा निजी प्रती वनबाट न्युनतम ५००० को दरले राजस्व सङ्कलन भएमा जम्मा रु. १,९०,००० सङ्कलन हुनसक्ने अनुमान गरिएको छ ।

### सुधार गर्नुपर्ने पक्षहरु :

- ✓ नगरपालिकामा रहेका सामुदायीक वना तथा वन पैदावर सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- ✓ सामुदायीक वन पैदाव बिक्री तथा उपयोग सम्बन्धीको वार्षिक कार्ययोजना नगरपालिकाले स्वीकृत गर्ने ।
- ✓ आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## घ. पार्किङ्ग शुल्क

### विद्यमान अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६० अनुसार नगरपालिकाभित्र आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्नेछ भनी उल्लेख छ । यस नगरपालिकाले पनि आफ्नो आ.व. २०७८-७९ को आर्थिक ऐनमा दफा ११ अनुसुची ९ मा पार्किङ शुल्कबारे उल्लेख गरेको छ । तर हालसम्म यस स्थानीय तहले उक्त शीर्षक अन्तर्गत रकम सङ्कलन गरेको देखिदैन ।

### सम्भावना :

यस नगरपालिकाको स्वामित्वमा रहेका जग्गा हाल पनि पार्किङको रुपमा रहेको भएता पनि सोलाई व्यवस्थित गरेको देखिदैन । नगरपालिकाको वस्तुगत विवरण २०७४ अनुसार नगरपालिकामा रहेका सार्वजनिक जग्गा वडा नं. १ स्थित हाट बजारको केही क्षेत्र, नगरपालिकाको पार्किङ क्षेत्र र अन्य सम्भाबित क्षेत्र अध्ययन गरी सोलाई व्यवस्थित गरेमा यो नगरपालिकामा पार्किङ शुल्क राम्रो उठ्ने देखिन्छ । अतः यसलाई व्यवस्थित गरेमा करिव रू १,०७,००० पार्किङ शुल्क उठाउन सकिने देखिन्छ ।

तालिका १०: पार्किङ सम्बन्धी विवरण

| सि. नं. | यातायातका किसिम | संख्या प्रति दिन | संख्या वार्षिक | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|---|---|
| १ | साना (मोटर साइकल, अटो ) | २० | ७३०० | ५ | ३६,५०० |
| २ | मझौला कार, भ्यान तथा जीप | १० | ३६०० | १० | ३६,००० |
| ३ | मिनि बस, ट्याक्टर | ५ | १८०० | १५ | २७,००० |
| ४ | ठुला गाडीहरु | २ | १०० | ५० | ५,००० |
| ५ | जे.सी.वि., डोजर, क्रेन | १ | ५० | ५० | २,५०० |
| | **जम्मा** | | | | **१,०७,०००** |

### सुधार गर्नुपर्ने पक्षहरु :

- ✓ यस नगरपालिकाको स्वामित्वमा रहेका जग्गा सम्बन्धी विवरणहरू अद्यावधिक गर्ने ।
- ✓ यस नगरपालिका दैलेख जिल्लाकै सदरमुकाम भएकोले पार्किङको लागि नगरको स्वामित्वमा रहेका जग्गाहरूमा पार्किङको लागि संरचना तयार गर्ने ।

## ङ दर्ता तथा अनुमति दस्तुर

**विद्यमान अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार स्थानीय तहले घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधीक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो वापत दस्तुर सङ्कलन गर्न सक्छन् । यस नगरपालिकाले हालै मात्र घ वर्गका निर्माण इजाजत पत्रको लागि कार्यविधी तयार गरी लागु गरेको छ भने अन्यको हकमा भने दस्तुर सङ्कलन कार्यविधी तयार गरी दस्तुर सङ्कलन गर्ने प्रकृयामा रहेको छ । नगरपालिकाले यस प्रकारको करलाई समेत व्यवसाय करकै दायरामा लिई आर्थिक ऐनको अनुसूचि- ३ मा करको दायराहरू उल्लेख गरेको छ । आ.व. २०७७-७८ मा यस नगरपालिकाले यस शीर्षकमा रू १७,५३,०७४.१२ आम्दानी गरेको देखिन्छ ।

**सम्भावना :**

यस नगरपालिकामा व्यवसायिक फर्म को तथ्याङ्क अद्यावद्धिक छन् । यद्यपि अघिल्ला वर्षहरूमा यस शीर्षकमा रकम जम्मा भएको देखिएको र यो शहरीकरण उन्मुख शहर भएको हुँदा आगामी वर्ष यहाँ करिव ६,७६,७०० जति सङ्कलन हुन सक्ने देखिन्छ ।

| सि.न. | व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | कृषि, वन, माछा पालन | १८ | १००० | १८००० |
| २ | उत्पादन | ६८ | २००० | १३६००० |
| ३ | खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ३ | १००० | ३००० |
| ४ | थोक तथा खुद्रा व्यापार | ३७४ | ८०० | २९९२०० |
| ५ | होटल, लज | ७९ | २००० | १५८००० |
| ६ | वित्त, बीमा | ११ | १५०० | १६५०० |
| ७ | अन्य | ९२ | ५०० | ४६००० |
| | | | **जम्मा** | **६,७६,७००** |

**सुधार गर्नुपर्ने पक्षहरु :**

- ✓ दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधी तर्जुमा गर्ने ।
- ✓ आर्थिक ऐनमा दर्ता तथा अनुमति दस्तुरको दर निर्धारण गर्ने ।
- ✓ नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नु पूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- ✓ अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था

गर्ने ।

## च. नक्सापास दस्तुर

**हालको अवस्थाः** आर्थिक ऐनको दफा १४ नक्सापास दस्तुर शीर्षक अन्तर्गत अनुसूची- ११ मा तोकएको दर अनुसार सेवा शुल्क तथा दस्तुर सङ्कलन गर्ने व्यवस्था गरेको छ । यस सेवा दिए वापत नगपालिकाले वार्षिक रुपमा राजस्व सङ्कलन गर्दै आएको छ । नगरपालिकाले नक्सापासको सम्बन्धमा नक्सापास निवेदन दस्तुर, नामसारी दस्तुर, नक्सापास दस्तुर तथा नक्सा पास सम्पन्न दस्तुर गरी विभिन्न शीर्षकमा कर लिएको पाईन्छ । आ.व. २०७७/०७८ वर्ष यी विभिन्न शीर्षकमा राजस्व सङ्कलन भएको देखिदैन ।

**सम्भावनाः**

यस नगरपालिकामा स्थानीय सडक सञ्जाल रहेको शहरोन्मुख नगरपालिका भएको हुँदा यस क्षेत्रमा पक्की घरहरू निर्माण हुने क्रम बढ्ने देखिन्छ । पहिलेनै बनेका घरहरूको अभिलेखीकरण तथा नयाँ बन्ने घरको नक्सा पास गर्ने गर्दा उल्लेख्य मात्रामा राजस्व सङ्कलन हुने देखिन्छ । पुराना घरको अभिलेखीकरण तथा नयाँ घरको नक्सा पास दस्तुरबाट करिव रु ३,७५,००० राजस्व सङ्कलन हुने देखिन्छ ।

तालिका ११: नक्सापास दस्तुर सम्बन्धी विवरण

| सि.नं. | घरका किसिम | परिमाण | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | नयाँ घर | ५० | २५०० | १२५००० |
| २ | नक्सा पास दस्तुर | १०० | २५०० | २५०००० |
| | **जम्मा** | | | **३७५०००** |

**सुधारका पक्षहरूः**

नक्सा पास तथा घर अभिलेखीकरण प्रक्रियालाई पहल गर्न आवश्यक देखिन्छ । यसले गर्दा भवन निर्माण प्रक्रियालाई समेत नियमन गर्ने भएकोले यसलाई प्रभावकारी बनाउने तर्फ पहल गर्न जरुरी देखिन्छ ।

- ✓ आवश्यक मापदण्ड अनुसार नक्सा पासको प्रावधान लागु गर्ने ।
- ✓ घरको तला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गर्ने र समयानुकुल दस्तुर पनि परिमार्जन गर्दै लैजाने ।
- ✓ नक्सापास लागु गर्नु पूर्व बनेका घरहरूको अभिलेखिकरणका लागि दस्तुर आर्थिक ऐनमा समावेश गर्ने ।
- ✓ घर अभिलेखीकरणका लागि मालपोत सङ्कलन कार्यसँग आवद्ध गरी वार्षिक रुपमा अभियान

सञ्चालन गर्ने ।

## छ सिफारिश तथा प्रमाणित दस्तुर

**हालको अवस्थाः**

आर्थिक ऐन मार्फत् नगरपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित गरे वापत कार्यपालिकाको कार्यालय तथा वडाबाट शुल्क तथा दस्तुर सङ्कलन गर्दै आएको छ । आर्थिक ऐनले सेवा शुल्क वापत (अनुसूचि–९) विभिन्न शीर्षकमा विभिन्न किसिमका शुल्क तथा दस्तुरको दर निर्धारण गरेको छ । सिफारिश तथा प्रमाणित दस्तुर वापत यस नगरपालिकाले आ.व. २०७७/७८ मा कुल रु. १७,५३,०७४ सङ्कलन गरेको थियो ।

**सम्भावनाः**

यस नगरपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक करिव ९००० वटा विभिन्न किसिमका सिफारिश तथा प्रमाणित हुने अनुमान गरिएको छ । वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु. २४३.७५ भएमा वार्षिक सिफारिश तथा प्रमाणितबाट रु.२१,२५,००० आय सङ्कलन हुने सम्भावना रहेको देखिन्छ ।

तालिका १२: प्रमाणित तथा दस्तुर सम्बन्धी विवरण

| क.सं. | प्रमाणित तथा दस्तुरका प्रकारहरु | अनुमानित संख्या (वार्षिक) | औसत दर रु. | सम्भाव्य रकम |
|---|---|---|---|---|
| १ | सिफारिस | ३००० | १०० | ३००००० |
| २ | व्यक्तिगत घटना दर्ता | १००० | २०० | २००००० |
| ४ | अन्य दस्तुर | १००० | ५०० | ५००००० |
| ५ | न्यायिक दण्ड जरिवाना र जफत | ५०० | २५० | १२५००० |
| ६ | नाता प्रमाणित दस्तुर | ५०० | २०० | १००००० |
| ७ | प्रशासनिक दण्ड जरिवाना र जफत | १००० | ५०० | ५००००० |
| ८ | अन्य | २००० | २०० | ४००००० |
| | | | **जम्मा** | **२१,२५,०००** |

**सुधारका पक्षहरूः**

- ✓ शीर्षक अनुसार सिफारिस तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- ✓ सिफारिश वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकिन गर्ने वा पैसा तिरेको भौचर जाँच गर्ने ।
- ✓ दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- ✓ विभिन्न किसिमका सिफारिश तथा दस्तुरहरूको वर्गीकरण गरी दस्तुरका दर निर्धारण गर्ने ।
- ✓ वडाबाट संकलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने ।

## ज. पर्यटन शुल्क

**विद्यमान अवस्थाः**

यस नगरपालिकामा शिव मन्दिर, लेखगाउँ खाँड देवि मन्दिर, गंगामाला, देउती बज्यै मन्दिर, सातपाते, सिद्ध ऋषि गुफा, शिवालय मन्दिर, भोटे दरबार, लामो छहारा, देउती बज्यै मन्दिर, मौसमी वाफ दिने गुफा, बागदुला गुफा, भेरी नदी, देवि डाडा, सिउडी भिर गुफा, पानडाँडा गुफा, खाँडदेवी मन्दिर, बौद्ध गुम्बा, जस्ता पर्यटकीय स्थलहरु रहेका छन् । हालसम्म यस नगरपालिकामा पर्यटन शुल्क सङ्कलन गर्न सकिने खालको पूर्वाधार तयार नभई सकेको तर आर्थिक ऐनको दफा १५ अनुसुची १२ मा पर्यटन शुल्क सम्बन्धी दर निर्धारण भएको छ ।

**सम्भावनाः**

तत्कालै पर्यटन शुल्क सङ्कलनको सम्भावना नभएता पनि आगामी आ.व.मा नगरपालिकाको पर्यटकीय क्षेत्रमा पिकनिक स्पट तयार गरी प्रवेश शुल्क सङ्कलन गर्न सकिने सम्भावना देखिन्छ । यसो गरेको खण्डमा यस क्षेत्रमा वार्षिक करिव २०० वटा समूहहरु पिकनिकका लागि आउने र प्रति समूह रु १००० का दरले सङ्कलन गरेमा जम्मा रु. २ लाख सङ्कलन हुनसक्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरु :**

- ✓ पिकनिक स्पटका लागि सम्भाव्यता अध्ययन गरी पुर्वाधार विकास गर्ने ।
- ✓ आर्थिक ऐनमा पर्यटन शुल्कको सङ्कलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दर निर्धारण गर्ने ।
- ✓ पर्यटकीय सम्भावना भएका प्रमुख सार्वजनिक स्थलहरू पहिचान तथा सम्भाव्यता अध्ययन गरी नगरपालिकाको दिर्घकालीन आय आर्जन हुने संरचना विकास गर्ने ।

## झ. सेवा शुल्क (फोहरमैला व्यवस्थापन शुल्क, पार्किङ शुल्क, स्थानीय पूर्वाधार उपयोग शुल्क, एम्बुलेन्स सेवा शुल्क, अन्य सेवा शुल्क)

**विद्यमान अवस्था** : स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (१) मा नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ, कायाकिङ, बञ्जीजम्प, जिपफ्लाईर, ऱ्याफ्टिङ, प्याराग्लाईडिङ लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकूद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाउने व्यवस्था रहेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा स्थानीय तहले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ । यस नगरपालिकामा आ.व. २०७७/७८ मा करिव रु. ५००० अनुमान गरेको तर रकम प्राप्त गरेको

देखिदैन ।

**शुल्कको सम्भावना**: नगरपालिकाले प्रदान गरेका सेवाहरु (पशुपन्छी तथा सरसफाई सेवा, पशु पन्छी स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुल्क, पार्किङ शुल्क, नगरपालिकाले निर्माण गरेको भौतिक पूर्वाधार उपयोग शुल्क आदि) बाट सेवा शुल्क आय गर्ने तथा सेवाहरु थप गर्दै सेवा शुल्कमा पनि बृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय बासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने गर्दछन् । आगामी आ.व.मा यस शीर्षकमा नगरपालिकाले करिव रु. ४,००,००० उठाउन सक्ने देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरुः** नगरपालिकाको भूगोलको आधारमा पर्यटन प्रवर्द्धन गर्न सकिने भएकोले नगरपालिकाले तयार गरेको गुरु योजनाको कार्यान्वयन गर्दै आवश्यकता अनुसार थप अध्ययन तथा विश्लेषण गर्दै अगाडी बढ्नु पर्ने देखिन्छ । यसको लागि सङ्घीय तथा प्रदेश सरकारले समेत सहयोग प्राप्त गर्न पहल र सहजीकरण गर्ने र निजी क्षेत्रसंग हातेमालो गर्दै जानु उपयुक्त हुन्छ । नगरपालिकाले पर्यटन पूर्वाधार विकासमा सहकार्य तथा सहजीकरण गर्ने र प्रवर्द्धन गरी स्थानीय रोजगारी सिर्जनाका लागि पहल गर्नुपर्ने तथा शुल्क दोहोरो नपर्ने कुराको सुनिश्चित गर्न सम्बन्धित निकायसँग आवश्यक समन्वय तथा छलफल गर्नुपर्ने देखिन्छ । यसैगरी यस नगरपालिकाले स्थानीय बासिन्दालाई आवश्यक सेवाहरु पहिचान गरी सोका लागि आवश्यक पूर्वाधार विकासमा लगानी गर्ने, निर्मित तथा निर्माण हुने स्थानीय पूर्वाधार उपयोग वापत सेवा शुल्कको दर निर्धारण, स्वीकृति, सेवा शुल्क सङ्कलन गर्ने विधी निर्धारण तथा प्रभावकारी कार्यान्वयन गर्नुपर्ने हुन्छ । यसैगरी यस नगरपालिका शहरोन्मुख नगर भएको हुँदा नगरपालिकाले तुरुन्त फोहरमैला व्यवस्थापनको लागि डम्पिङ साइट निर्माण गरी फोहरमैला व्यवस्थापन शुल्क उठाउन सक्छ ।

- ✓ फोहरमैला व्यवस्थापनको लागि डम्पिङ् साईटको संभाब्य स्थलको खोजी गरी डम्पिङ् साइट निर्माण गर्ने ।
- ✓ विभिन्न किसिमका सेवा वाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- ✓ तथ्याङ्क सङ्कलन तथा रेकर्ड राख्ने प्रकृया ब्यवस्थित गर्ने ।

### ञ. घरजग्गा रजिष्ट्रेशन दस्तुर :

स्थानीय तहले आफ्नो क्षेत्रभित्रका घरजग्गा एक व्यक्तिको स्वामित्वबाट अर्को व्यक्तिको स्वामित्वमा हस्तान्तरण गर्दा लिने र दिने व्यक्तिबाट प्रदेश आर्थिक ऐनमा तोकिए बमोजिम असूल गरिएको राजस्वको ६० प्रतिशत प्राप्त गर्ने गर्दछ । स्थानीय सरकार सञ्चालन ऐनमा यस्तो स्वामित्व हस्तान्तरणको कार्य सम्बन्धित स्थानीय तहले नै गर्ने उल्लेख गरेता पनि हाल यस नगरपालिकामा क्षमता पर्याप्त नरहेको र सङ्घीय सरकार मातहत रहेको जिल्ला मालपोत कार्यालयबाट घरजग्गाको अभिलेख समेत हस्तान्तरण भइ नसकेकोले चालु आर्थिक वर्षमा पनि जिल्ला मालपोत कार्यालयले नै प्रदेश कानुनमा तोकिए बमोजिम दस्तुर असूल उपर गर्ने गरेको

छ र असूल भएको रकम प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयले मासिक रुपमा सम्बन्धित स्थानीय तह र प्रदेश सरकारको सञ्चित कोषमा दाखिला हुने गरी पठाउने गरेको छ ।

यसरी घरजग्गा रजिष्ट्रेशनको अंक निर्धारण गर्दा प्रत्येक जग्गाको न्यूनतम मूल्याङ्कन निश्चित गर्न मालपोत नियमावलीको प्रावधान बमोजिम प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला समन्वय समितिको प्रमुख, प्रमुख कर अधिकृत वा कर कार्यालय नभएको स्थानमा कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, नापी शाखाको प्रमुख, उद्योग वाणिज्य सङ्घको प्रतिनिधि, प्रमुख नापी शाखा र मालपोत कार्यालयको प्रमुख सदस्य सचिव रहेको समितिले वार्षिक रुपमा गरेको न्यूनतम मूल्याङ्कन अनुसार जग्गाको थैली निश्चित हुने गरेको छ । नगरपालिकाले यस्तो मूल्याङ्कन वास्तविक रुपमा कारोवार हुने गरेको मुल्य भन्दा फरक नपरोस् भन्नाका लागि आफ्नो नगरपालिकाको लगत तयार गरी मालपोत कार्यालयमा अध्यावधिक गराउने गर्नु पर्दछ । यसै सन्दर्भमा जग्गा जमीनको घर रजिष्ट्रेशन दस्तुर समेत ध्यानमा राखी नगरपालिकाले जग्गाको प्रचलित भाउ समेत सिफारिश गर्ने प्रणाली स्थापित गर्न सकिएमा यसरी जग्गाको न्यूनतम मुल्य फरक परेर राजस्वमा आउने कमीलाई व्यवस्थित गर्न सरल पर्ने देखिन्छ । यस नगरपालिकामा आ.व. २०७७/७८ मा करिव रु. २५,२४,५९५.६० राजस्व सङ्कलन गरेको थियो २०७८/७९ मा जम्मा करिव रु १९,१०,४७१ राजस्व सङ्कलन गरेको थियो । आगामी आ.व.मा यस शीर्षकमा नगरपालिकाले करिव रु. ३५,४८,००० उठाउन सक्ने देखिन्छ ।

तालिका १३: घरजग्गा रजिष्ट्रेशन दस्तुर सम्बन्धी विवरण

| सि.न. | घरका किसिम | परिमाण | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|---|
| १ | नयाँ घर | ५० | २५०० | १२५००० |
| २ | नक्सा पास दस्तुर | १०० | २५०० | २५०००० |
| ३ | पुराना घरहरुको अभिलेखिकरण | ६३४६ | ५०० | ३१७३००० |
| | **जम्मा** | | | **३५४८०००** |

## ठ. सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय :

**हालको अवस्था:** यस नगरपालिकाले उपकरण सञ्चालन सम्बन्धी कार्यविधी तयार गरी ब्याकहो लोडर, टोटल स्टेसन, गाडी, एम्बुलेन्स र प्रोजेक्टर भाडामा लगाई आम्दानी गर्ने गरेको छ । विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधि तयार गरेर आफै दररेट निर्धारण गर्ने गरेको छ । यस नगरपालिकाको स्वामित्वमा रहेका ब्याकहो लोडर, टोटल स्टेसन, गाडी, एम्बुलेन्स र प्रोजेक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ । यसै अन्तर्गत आ.व. २०७७-७८ मा यस नगरपालिकाले ब्याकहो लोडर, सक्सन मेसिन प्रयोग शुल्क वापत रू ५००० शुल्क उठाउने लक्ष्य राखेको भएपनि यस शीर्षकमा राजस्व दाखिला भएको देखिदैन ।

तालिका १४: स्थानीय तहले निर्माण, सञ्चालन तथा व्यवस्थापन गरेका सेवा

| क.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| १ | फोहरमैला व्यवस्थापन | | | छैन | राम्रो रहेको |
| २ | स्थानीय खानेपानी | - | | - | - |
| ३ | बिजुली | - | | | |
| ४ | धारा | - | | | |
| ५ | अतिथि गृह | - | | | |
| ६ | धर्मशाला | - | | | |
| ७ | पुस्तकालय | दशरतपुर ( सिकाई केन्द्र) | | | |
| ८ | सभागृह | | | | |
| ९ | ढल निकास | - | | छ | |
| १० | सडक बत्ति | लेकफर्सा, दशरतपुर, कल्याण, गँगटे ( सोलर वत्ती) | - | - | - |
| ११ | सार्वजनीक शौचालय | - | - | - | - |
| १२ | पार्क | सहिद पार्क दशरतपुर | १ | छ | निर्माणाधिन |
| १३ | पौडी पोखरी | - | | | |
| १४ | व्यायामशाला | - | | | |
| १५ | पर्यटकिय स्थल | - | | छ | |
| १६ | हाट बजार | - | | छ | |
| १७ | पशु बधशाला | | | | |
| १८ | शवदाह गृह | | | | |
| १९ | बसपार्क | | | छ | |
| २० | अन्य पार्किङ्ग क्षेत्र | - | - | - | - |
| २१ | सिफारिश तथा प्रमाणित | | | छ | - |
| २२ | दर्ता, अनुमाति, नविकरण दस्तुर | | | छ | |
| २३ | मूल्याङ्कन सेवा शुल्क | | | छ | |
| २४ | नक्सापास | | वर्ग. मी अनुसार | छ | |

| क्र.सं. | सेवाहरु | उपलब्ध गराईएको स्थान वा क्षेत्र | इकाई र परिमाण | सेवा शुल्कको संभावना (छ/छैन) | हालको अवस्था (आय) |
|---|---|---|---|---|---|
| | अन्य ................. | | | | |
| जम्मा | | | | | |

**सम्भावनाः**

नगरपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरू ब्याकहो लोडर, टोटल स्टेसन, गाडी, एम्बुलेन्स र प्रोजेक्टर को बहाल परिचालन सम्बन्धमा आवश्यक तथ्याङ्कको आधार नभएकाले आगामी आ.व.मा देहाय अनुसार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ । जस अनुसार ब्याकहो लोडरबाट अनुमानित आय २ लाख, टोटल स्टेसनबाट अनुमानित १,००,०००, र प्रोजेक्टरबाट पचास हजार गरी कुल जम्मा ३ लाख पचास हजार आम्दानी गर्न सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरूः**

- ✓ नगरपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारण गर्ने ।
- ✓ नगरपालिकाको स्वामित्वमा रहेका मेशिन आदिहरूको मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- ✓ नगरपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधी तर्जूमा गरी कार्यान्वयमा ल्याउने ।
- ✓ कार्यविधीमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

# परिच्छेद - चारः आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

यस परिच्छेद चारमा नगरपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ । यस विश्लेषणले नगरपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकता अनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू नगरसभा समक्ष पेश गर्ने गरेको छ । नगरपालिकाले विषेश गरी सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाइदै लगिने नीति लिएको छ। नगरपालिकाले आन्तरिक राजस्व परिचालन सम्बन्धमा लिएका नीतिहरु यस प्रकार रहेका छन्:

- आन्तरिक आयका क्षेत्रहरू पहिचान र परिचालन गरी आन्तरिक आयलाई क्रमशः वढवा दिदै लगिने छ।
- राजस्वका थप क्षेत्र पहिचान गरी राजस्व वृद्धि गर्ने नीति लिइनेछ । नगरपालिकाको राजस्व सुधार कार्य योजना तयार गरी लागु गरिएको थियो ।
- यस नगरपालिका क्षेत्रभित्र बसोबास गर्ने बासीहरुको क्षमता, स्थानीय स्रोत र अन्य पालिकाको तुलनात्मक अध्ययन तथा प्रचलित ऐन नियमका आधारमा करका दरहरु निर्धारण गरीनेछ।
- नगरपालिकाको राजस्व प्रशासनलाई सुधार गर्दै लगिनेछ।
- यस नगरपालिकाले कर प्रणालीलाई सबल, सक्षम र प्रभावकारी तुल्याउन करको दायरा आबद्ध नभएका सबै व्यवसायीहरुलाई करको दायरामा ल्याउने, सम्पत्ति कर, भूमिकर (मालपोत), नक्सापास असुलीका लागि कडा नीति अवलम्बन गरिने र घर बहाल करलाई स्वयम् घोषणाको नीति अवलम्बन गर्दै नगरपालिकाको आन्तरिक आम्दानी वृद्धि गरीनेछ ।
- नगरपालिकाको राजस्व परामर्श समिति, राजस्व शाखालाई सुदृढ र सक्षम बनाइने छ।
- नगरपालिकाको राजस्व अभिवृद्धिमा टेवा पुऱ्याउन स्थानीय उद्योगी, व्यापारी (उद्योग वाणिज्य सङ्घ) सँग समन्वय गरिएको थियो ।

- "कर तिर्नु कर्तब्य मात्र होइन गौरब पनि हो "भन्न र अवधारणाको विकास गर्न स्वयं कर निर्धारण पद्धती मार्फत करदातालाई नै पहिलो कर प्रशासकको रुपमा लिने गरी कर सम्बन्धी आवश्यक व्यवस्था मिलाईनेछ ।
- राजस्व प्रशासनलाई चुस्त, सरल, प्रविधी मैत्री एवम् करदाता मैत्री बनाइनेछ ।
- रोजगारी तथा उत्पादन प्रवर्धन गर्ने क्षेत्रमा लगाइने करमा घट्दो दरमा कायम गरी कर प्रणालीले समेत उत्पादन मुलक क्षेत्रलाई प्रोत्साहन गर्ने नीतिको शुरुवात गरिएको थियो ।
- राजस्व चुहावट शून्य बनाउने गरी राजस्व सम्बन्धी कार्यक्रमहरु तय गरिएको थियो र करको दरमा यथावत राखि दायरा वृद्धी गर्ने नीति लिइनेछ ।

तालिका १५: राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण विवरण

| **नीति निर्धारणका क्षेत्रहरु** | **हालको अवस्था** | **नीतिगत सुधारको लागि सुझावहरु** |
|---|---|---|
| क) संगठनात्मक व्यवस्था | | |
| राजस्व शाखाको व्यवस्था संगठन संरचनामा छ छैन ? | छ | सुधार गर्नु पर्ने |
| राजस्व शाखामा कुन तहका कति दरवंदी छन् ? र हालको पदपुर्तिको अवस्था कस्तो छ ? | सहायक पाँचौ १ | आवश्यकता (अधिकृत स्तर) |
| राजस्व शाखाले गर्ने कामका लागि कार्य विवरण छ की छैन ? | छ | |
| कर्मचारीहरुलाई उनीहरुको जिम्मेवारी स्पष्ट र लिखित रुपमा दिईएको छ छैन ? | छ | |
| कर्मचारीहरुलाई आवश्यक पर्ने स्थान, फर्निचर, यातायात साधन, कम्प्युटर, मसलन्द आदिको व्यवस्था कस्तो छ ? | छ | यातायातको व्यवस्था गर्नु पर्ने । |
| सूचना प्रविधिको प्रयोगको अवस्था कस्तो छ ? ( सफ्टवयर, एसएमएस, इमेल, टेलिफोन आदि) | छ | सफ्टवयर आवस्यक |
| कर्मचारीको राजस्व परिचालन सम्बन्धी क्षमता विकासको लागि के गरिएको छ ? | छैन | समय समय मा क्षमता बिकास तालिम को व्यवस्था गर्नु पर्ने |
| राजस्व परिचालनका लागि वडा लाई दिईएको जिम्मेवारी के छ ? | छ (मालपोत तथा सम्पत्तिकर, गैर राजस्व । | घटना दर्ता, सम्पत्तिकर तथा मालपोत कर, सिफारिस आदी |
| **ख) राजस्व प्रशासन सञ्चालनको अवस्था** | | |
| करदाताहरुको नाम तथा कर लाग्ने आधारको अभिलेख व्यवस्था कस्तो छ ? कर अभिलेख आवश्यक पर्ने स्रोतहरु – सम्पत्ति, व्यवसाय, | छैन | करदाता विवरण अद्यावदिक गर्नुपर्ने । |

| **नीति निर्धारणका क्षेत्रहरु** | **हालको अवस्था** | **नीतिगत सुधारको लागि सुझावहरु** |
|---|---|---|
| सवारी साधन, विज्ञापन, बहाल आदि | | |
| गाउँ/नगरपालिकाको स्वामित्वमा रहेका स्थायी सम्पत्तिहरुको विवरण तथा सोको परिचालन कस्तो छ ? | न.पा. कार्यालयले मात्र प्रयोग | |
| कर निर्धारणको लागि सम्पत्ति वा आय वा खर्च वा कारोवारको मूल्याङ्कन कत्तिको सहि रुपमा भएको छ ? मूल्याङ्कन अनुसार कर निर्धारण भएको छ छैन ? | कर निर्धारण नगरसभा बाट हुने हुँदा ठिकै रहेको | नगरसभाले अन्य विभिन्न करका दरहरू निर्धारण गर्नु पर्ने |
| चुहावट हुन सक्ने सम्भावनाहरु के के छन् र तिनको नियन्त्रणको लागि कस्तो नीति लिईएको छ ? | - दायरा समेट्न नसकेको<br>- समयमै राजस्व नतिर्ने<br>- प्रचार/प्रसार गर्न नसकेको | राजस्व सम्बन्धी जनजागरण कार्यक्रमहरू व्यापक रुपमा सञ्चालन गर्नुपर्ने । |
| व्यवस्थाको वर्खिलाप गरेमा दण्डको व्यवस्था कस्तो छ ? | दण्ड जरिवानाको व्यवस्था रहेको । | व्यवस्था भए पनि कार्यान्वयनमा नरहेको तथा आर्थिक ऐनमा नै व्यवस्था गर्नुपर्ने । |
| समयमा तिर्नेलाई छुट र ढीलो बुझाएमा जरीवाना लाग्ने व्यवस्था सबै आय स्रोतहरुमा कसरी लागु गरिएको छ ? | छैन<br>- गत आ.व.सम्म रहेको राजस्व कम उठ्ने हुँदा छुट छैन जरिवाना छ । | आर्थिक ऐनमा नै व्यवस्था गर्नुपर्ने । |
| करदाताहरुलाई उनीहरुले तिर्नुपर्ने कर रकम बारे अग्रिम जानकारी गराउने व्यवस्था के छ र कत्तिको प्रभावकारी छ ? | छैन | राजस्व सम्बन्धी जनजागरण कार्यक्रमहरू व्यापक रुपमा सञ्चालन गर्नुपर्ने । |
| गाउँ/नगरपालिकाले निर्धारण गरेको कर तथा शुल्कमा चित्त नबुझेमा गुनासो वा उजुरी गर्न सक्ने व्यवस्था के कस्तो छ ? | छ<br>-न.पा. मा गुनासो सुन्ने अधिकारी सूचना अधिकृत | |
| राजस्व शाखाको कार्य प्रकृया, चुहावट नियन्त्रणको प्रयास, लक्ष तथा असुली अवस्थाको अनुगनमनको व्यवस्था के छ ? | कार्यालय प्रमुखद्वारा समयसमयमा गरीने | कार्यकारी प्रमुख तथा राजस्व परामर्श समितिद्वारा अनुगमन गर्ने व्यवस्था गर्नु पर्ने |

| नीति निर्धारणका क्षेत्रहरु | हालको अवस्था | नीतिगत सुधारको लागि सुझावहरु |
|---|---|---|
| सार्वजनिक निजी साझेदारी अवधारणाको कार्यान्वयनको अवस्था कस्तो छ ? | छैन | |
| **ग) सूचना तथा समन्वयको अवस्था** | | |
| करदाताहरुलाई कर तथा शुल्क सम्बन्धी जानकारी दिन के कस्तो कार्य गरिएको छ ? (शिक्षामूलक कार्यक्रम, प्रचार प्रसार, होर्डिङ्ग वोर्ड, बेव साईट आदि) | नगरिक वडापत्र,विद्युतिय सुचना बोड | राजस्व सम्बन्धी जनजागरण कार्यक्रमहरू ब्यापक रुपमा सञ्चालन गर्नु पर्ने |
| करको दर निर्धारण तथा समिक्षामा सरोकार पक्षहरुको सहभागीता कस्तो छ ? | बोलाईन्छ/सहभागि हुन्छन् । | |
| राजस्व परामर्श समिति तथा अन्य समितिहरुको प्रभावकारीता कस्तो छ ? (बैठक संख्या, निर्णयहरु आदि) | ५/६ पटक वर्षको | राजस्व परामर्श समितिको बैठक नियमित रुपमा मासिक रुपमा बस्नु पर्ने । |
| राजस्व असुलीमा सरोकार पक्षहरुको सकारात्मक सहभागीताको अवस्था कस्तो छ ? | ठिकै/मध्यम खालको सहभागिता | |
| राजस्व शाखालाई अन्य शाखा तथा निकायबाट प्राप्त सहयोग कस्तो छ ? | खासै छैन । | राजस्व शाखालाई छुट्टै दरबन्दी गराई संगठन संरचनामा राख्नु पर्ने । |
| आयका स्रोतहरुको अभिलेख व्यवस्था कस्तो छ ? | कम्प्युटर प्रणाली | |
| गाउँ/नगरपालिकाको आयको आय विवरण सार्वजनिक हुने गरेको छ छैन? | निति तथा कार्यक्रम प्रस्तुत गर्दा । | |
| आयको आलेप तथा मलेप हुने गरको छ छैन ? छ भने आएका बेरुजुहरु कसरी संवोधन भएका छन् ? | समय-आलेप् - सैद्धान्तिक वेरुजु योजना सम्पन्न हुनु भन्दा पहिले भुक्तानी हुने चलन | |

स्थानीय जनता जगरूक नहुँदा वा जानकार नहुँदा सबै करदाताहरुले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलन रहेको छ ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता

स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल यस नगरपालिकाको राजस्वको संस्थागत क्षमता देहाय अनुसार रहेको छः

- ✓ राजस्व सम्बन्धी कार्यका लागि प्रशासनिक रुपमा राजस्व उपशाखा समेत गठन भई कामकाज भैरहेको तर राजस्व प्रशासनका लागि आवश्यक कर्मचारी र भौतिक सुविधा पर्याप्त नरहेको ।
- ✓ राजस्व सङ्कलनमा कार्यरत कर्मचारीहरूका लागि आवश्यक तालिम तथा अभिमुखीकरण नभएको ।
- ✓ राजस्व सङ्कलन कार्यका लागि नगरपालिका तथा वडा कार्यालयहरुमा कम्प्युटर तथा सफ्टवेयर जडान भएको ।
- ✓ स्थानीय राजस्व परामर्श समिति राजस्व परिचालनका लागि क्रियाशिल रहेको ।
- ✓ राजस्व सङ्कलनमा वडास्तरमा कम्प्युटर बिलिङ्ग प्रयोग भइरहेको ।
- ✓ यसका सबै वडा कार्यालयहरूबाट मूलतः मालपोत, पञ्जीकरण, सिफारिस दस्तुर सङ्कलन गर्ने गरिएको ।
- ✓ वडा कार्यालयहरूले सङ्कलन भएको रकम साप्ताहिक रुपमा एकमुष्ठ बैंक दाखिला गरी विवरण सहित आर्थिक प्रशासन शाखामा पेश गर्ने गरेको ।
- ✓ आर्थिक ऐन र यथार्थ सङ्कलन बीचको तालमेल कमजोर रहेको ।
- ✓ राजस्व बजेट तथा प्रतिवेदन प्रणाली तोकिएको ढाँचामा नभएको ।
- ✓ राजस्व परिचालन सम्बन्धी छुट्टै नीति नबनेको ।
- ✓ हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागि अनुगमन तथा मूल्याङ्कन नभएको ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुन सक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरु गर्दछ । यस नगरपालिकामा स्थानीय राजस्व परामर्श समितिको गठन देहाय अनुसार भएको छ ।

तालिका १६: राजस्व परामर्श समितिको विवरण

| क.सं. | नाम | पद | जिम्मेवारी |
| --- | --- | --- | --- |
| १. | विमला खड्लुका | उप–प्रमुख | संयोजक |
| २. | कृष्ण प्रसाद खरेल | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ३ | मनबाहादुर पुन | वडा अध्यक्ष | सदस्य |
| ४ | धनसरा सुनार | कार्यपालिका सदस्य | सदस्य |
| ५ | डम्बर तिवारी | उ.बा.स अध्यक्ष | सदस्य |
| ६ | केसर बहादुर डाँगी | अ. छैटौ | सदस्य |
| ७ | दिपक आर्चाय | सहायक पाँचौ (कम्प्युटर अपरेटर) राजस्व शाखा प्रमुख | सदस्य सचिव |

लेकबेशी नगरपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि नगरपालिका उपाध्यक्ष श्री विमला खड्लुकाको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक गरी राजस्वको दर निर्धारण सिफारिस, वार्षिक राजस्व अनुमान आदि निर्णय गर्ने गरेको पाइन्छ ।

## ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस नगरपालिकाको संगठन संरचनामा राजस्व प्रशासन छैन । अत: यसमा स्थायी दरबन्दी नरहेकोले प्राविधीकहरूले विशेष गरी सहायक पाँचौहरूले काम गरिरहेका छन् । राजस्वमा काम गर्न कम्प्युटर लगायत भौतिक साधनहरुको व्यवस्था गरिएको छ । यसै गरी राजस्व प्रशासन सञ्चालनको लागि छुट्टै सफ्टवेयर पनि सञ्चालनमा छ । यसबाट कम्प्युटर प्रणालीबाट बिलिङ सिस्टम गर्ने गरिन्छ । तर सो सफ्टवेयर स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (SUTRA) संग मिल्दो छैन । राजस्व प्रशासनमा करदाताको विवरण अद्यावधिक छैन ।

नगरपालिकाको राजस्व प्रशासनलाई अझ प्रभावकारी बनाउने नीति चालु बजेट मार्फत पनि नगरपालिकाले लिएको छ । यसको प्रभावकारिताका लागि गर्नुपर्ने कार्यहरुमा जनशक्ति व्यवस्थापन, राजस्व शाखाको संस्थागत विकास, राजस्व सम्बन्धी कार्ययोजना तर्जुमा, मालपोत कार्यालयबाट स्थानीय जग्गाको लगत अद्यावधिक, करदाताहरुको पहिचान र लगत अभिलेखीकरण, कर तथा गैर करका स्रोतहरुको पहिचान गर्नुपर्ने रहेको छ । यसैगरी राजस्व प्राप्त हुने पूँजीगत निर्माण, पर्यटकीय क्षेत्रहरुको प्रवर्द्धन, ऐतिहासिक स्थलहरुको प्रचार प्रसारका साथै होमस्टे विकास र प्रवर्द्धन गर्नुपर्ने छ । वडास्तरमा काम गर्ने कर्मचारीलाई प्रभावकारी सेवा प्रवाह र राजस्व सङ्कलन कार्यमा परिचालन गर्नुपर्ने हुन्छ । साथै नगरपालिका तथा वडा कार्यालयका राजस्व प्रशासनसँग सम्बन्धित कर्मचारीहरुलाई राजस्व र आयका शीर्षकका विषयमा अभिमुखीकरण र अभिलेख व्यवस्थापन सम्बन्धी क्षमता विकास महत्वपूर्ण हुने देखिन्छ । यसैगरी राजस्व सङ्कलनको लागि स्थानीय स्तरमा जन-जागरण कार्यक्रमहरू सञ्चालन गरी जनतामा “कर तिर्नु कर्तब्य मात्र होइन गौरब पनि हो” भन्ने भावनाको विकास गर्नु पर्ने देखिन्छ।

तालिका १७: राजस्व शाखामा कार्यरत कर्मचारीहरुको विवरण

| क्र.सं. | नाम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १. | दिपक आर्चाय | सयक स्तर पाँचौ | राजस्व शाखा प्रमुख |

## ४.३ विगतको आय परिचालनको अवस्था

यस नगरपालिकाको कुल आयमा आन्तरिक आयको हिस्सा न्यून रहेको छ। आन्तरिक आय तर्फ नदीजन्य पदार्थ बिक्री, सिफारिश दस्तुर तथा मालपोत यहाँका मुख्य आयस्रोतका रुपमा रहेका छन् । हालको अवस्थामा आन्तरिक आय तर्फ नगरपालिकाको लागि सम्पत्ति कर र मालपोत नै मुख्य तथा दिगो क्षेत्र हुन् । नगरपालिकाले मालपोतलाई जमीनको उपयोगका आधारमा वर्गिकरण गरेर दर निर्धारण गरेको छ । हालसम्म सम्पत्ति कर लागू नभएको भएपनि आगामी आ.व.मा यसको कार्यान्वयन शुरु गरीने छ । उद्योग व्यवसायको विकास भए अनुसार व्यवसाय करको असुली देखिँदैन तथापि गत आर्थिक वर्षमा घुम्ती शिविर मार्फत व्यवसाय दर्ता अभियान सञ्चालन गरिएकोले केही रकम सङ्कलन भएको देखिन्छ । घरबहाल कर, विज्ञापन कर, जडीबुटी कबाडी जीवजन्तु करको सम्भावना तत्कालका लागि निकै न्यून रहेको देखिन्छ । नगरपालिकासँग विगत आर्थिक वर्षहरुको तथ्याङ्को शीर्षकगत आय सम्बन्धी अभिलेख व्यवस्थित देखिँदैन । यसले गर्दा नगरपालिकाको समग्र राजस्व प्रक्षेपणलाई यथार्थको नजिक पुऱ्याउन कठिनाइ रहेको छ । नगरपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार नगरपालिकाले विगत आ.व. २०७६।७७ र २०७७।७८ मा सङ्कलन गरेको यथार्थ आय, चालु आ.व.का लागि गरिएको अनुमान सम्बन्धी आय विवरण देहाय अनुसार रहेको छ ।

तालिका १८: विगतको आय परिचालनको अवस्था तथा अनुमान


| आय शीर्षक | २०७६/०७७ को यथार्थ आय | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को अनुमानित आय |
|---|---|---|---|
| **क. आन्तरिक आय** | ३२३५९।०३७७३ | ३१२०।४४२१ | ८२९७३।०२७४९ |
| – आन्तरिक आम्दानी | ३२,३५९।०४ | ३,१२०।४४ | ८२,९७३।०३ |
| **ख. राजस्व बाँडफाँड** | ९२,१६८।०० | १०५,७४४।२७ | १०६,६५३।९६ |
| – सङ्घीय सरकारबाट (मु.अ.कर तथा अन्तः शुल्क) | ९२,१३८।०० | ७७,८६०।५५ | ८९,७४३।४९ |
| – प्रदेश सरकारबाट (सवारी साधन) | ३०।०० | २७,८८३।७२ | १६,९१०।४७ |
| **ग. वित्तीय हस्तान्तरण तथा अनुदान** | ४१९८२७।३४ | ५०४६७६।४८ | ५२६४१२ |
| **सङ्घीय सरकार** | ४१९,८२७.३४ | ५०४,६७६.४८ | ५२६,४१२.०० |
| – समानीकरण अनुदान | १२३९५१ | १२४१६० | १३२८५७ |

| आय शीर्षक | २०७६/०७७ को यथार्थ आय | २०७७/०७८ को यथार्थ आय | २०७८/०७९ को अनुमानित आय |
|---|---|---|---|
| – सशर्त अनुदान | २५७६१४.३४ | ३३४३३१.०९ | ३२९८५५ |
| विशेष | २५००० | २७६१४.७०५ | ५१७०० |
| समपुरक | ० | १८५७०.६८८ | १२००० |
| – अन्य अनुदान | १३,२६२.०० | – | – |
| **प्रदेश सरकार** | ० | ० | ० |
| – समानिकरण अनुदान | ० | ० | ० |
| – सशर्त अनुदान | ० | ० | ० |
| | ० | ० | ० |
| – समपुरक अनुदान | ० | ० | ० |
| – अन्य संस्थागत आन्तरिक अनुदान | ० | ५२८१०।५७३ | ० |
| **कुल जम्मा** | **५४४,३५४।३८** | **६६६,३५१।७७** | **७१६०३८।९८९५** |

माथिको तालिकाबाट यस नगरपालिकाको आय संरचना हेर्दा कुल आयमा आन्तरिक आयको हिस्सा करिव १ प्रतिशत देखिन्छ । यद्यपि नगरपालिकाको समग्र आयको प्रमुख स्रोतको रुपमा सङ्घीय सरकारबाट प्राप्त हुने अन्तर सरकारी वित्त हस्तान्तरण र कार्यक्रम वापतको अनुदान नै रहेको देखिन्छ । उल्लेखित तालिका अनुसार नगरपालिकाको समग्र आयको सारांश देहाय अनुसार रहेको छ :

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

यस नगरपालिकाको आय परिचालनको सुधारका लागि महत्वपूर्ण कार्यहरु गर्नुपर्ने देखिएको छ । यहाँ रहेका समस्या तथा सवालहरूलाई चित्र नं. ८ मा छोटकरीमा देखाइएको छ र बिस्तृत व्याख्या तल गरिएको छ ।




चित्र ८: राजस्व परिचालनमा रहेका सवालहरु

### क) कर सङ्कलन सामर्थ्यको अभिवृद्धि

यस नगरपालिकाको नियमित, दिगो तथा महत्वपूर्ण आन्तरिक स्रोतका रुपमा रहेका करहरु जस्तै सम्पत्ति कर, व्यवसाय कर, घरजग्गा बहाल कर आदिहरु प्रभावकारी कार्यान्वयनमा आउन सकेका छैनन् । कर सङ्कलनका सबै सम्भाव्य क्षेत्रहरूलाई यस अध्ययन क्रममा क्रियाकलाप पहिचान गरिए अनुरुप तिनीहरको व्यवहारिक कार्यान्वयनमा ल्याउनु पर्ने भएको छ ।

### ख) संगठनात्मक संरचना र कर्मचारी व्यवस्था

नगरपालिका राजस्व उपशाखाकै लागि छुट्टै कर्मचारी व्यवस्था नभएकोले अन्य जिम्मेवारी समेत भएका कर्मचारीलाई राजस्वको पनि कामको जिम्मेवारी दिइएको हुनाले कामको भार बढ्न गई कामको प्राथमिकतामा समेत अलमलको स्थिति सिर्जना भएको छ । नगरपालिकाको संगठन व्यवस्थापन सर्भेक्षण गरी नगरपालिकाका कार्यालयमा शाखा, उपशाखा, एकाइहरूको आवश्यकता पहिचान गरी सम्बन्धित शाखा, उपशाखा, एकाइहरूको कामको चाप तथा आवश्यकताका

आधारमा नगरसभाबाट कर्मचारी दरबन्दी स्वीकृत गरी राजस्व उपशाखाका लागि छुट्टै कर्मचारीको व्यवस्था गर्नु आवश्यक देखिन्छ । यसै गरी राजस्व शाखाका कर्मचारीहरुलाई समय समयमा क्षमता बृद्धिको तालिमहरु दिनुपर्ने देखिन्छ ।

## (ग) आर्थिक ऐनमा सुधार

नगरपालिकाको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनु पर्ने देखिन्छ । जस्तै आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित सङ्घीय कानुनी व्यवस्था अनुरुप यो कर सवै सवारी साधनमा लिन नपाइने हुँदा यसलाई हटाउनु पर्नेछ । यसै गरी नगरपालिकाको जे.सी.बी., ट्राक्टर, प्रोजेक्टर तथा अन्य यन्त्र उपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरुलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ । यस्तै, परिवर्तित व्यवस्था अनुसार सबै जग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोही अनुसार परिमार्जन गर्नु पर्नेछ । आगामी आ.व. २०७७/७८ का लागि आर्थिक ऐनको नमूना मस्यौदा अनुसूची ५ मा संलग्न गरिएको छ ।

## घ) तथ्याङ्कमा आधारित अभिलेख

नगरपालिकाको आन्तरिक आयमा वृद्धिका लागि आयका स्रोतहरूको अभिलेख अद्यावधिक हुनु जरुरी हुन्छ । नगरपालिकालाई राजस्वका क्षेत्रधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयार गरी हरेक वर्ष अद्यावधिक गर्नुपर्ने देखिन्छ । अद्यावधिक अभिलेखबिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

## (ङ) कार्यविधी तर्जुमा

आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधी तयार गरी नगरपालिकाले वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । कार्यविधीमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषय वस्तुहरु उल्लेख गर्नु पर्दछन् ।

## (ज) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । राजस्व परिचालन सम्बन्धित नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय गर्न आवश्यक हुन्छ । राजस्व तथा कर सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखा बीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । साथै राजस्व बाँडफाँड सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न

आवश्यक देखिन्छ ।

### (झ) सामाजिक-आर्थिक अवस्था र कर सङ्कलन सामर्थ्य बिचको सामञ्जस्यता

नेपालमा अधिकांस पहाडी स्थानीय जीवन कृषि क्षेत्रमा जीवन निर्वाहमुखी छ । साथै आर्थिक स्रोत पनि कमजोर भएको हुनाले जनसंख्याको ठूलो हिस्साको कर तिर्न सक्ने क्षमता कमजोर भएको हुँदा राजस्वको सम्भाव्यता पनि कम रहेको छ । त्यसैले यस स्थानीय स्तरमा पनि आज आर्जनका अवसरहरूको कमी रहेको छ । यसका साथै करदातामा कर तिर्नुपर्छ भन्ने ज्ञान र भावनाको कमी रहेको हुँदा नयाँ करहरू थपिनु भनेको स्थानीयलाई समस्याका रुपमा रहन सक्दछ । अर्का तर्फ, दिएका कानुनले अधिकार क्षेत्रहरूमा कर सङ्कलन नगर्दा नगरपालिकाले कर सङ्कलन सामर्थ्य कमजोर देखिन सक्छ । त्यसैले नगरपालिका भित्रका सबै सम्भाब्य क्षेत्रहरूमा न्यूनतम दर र करका प्रगतिशील सिद्धान्तलाई ध्यानमा राखी कर कार्यान्वयन गर्नु उपयुक्त हुनसक्छ ।

### (ञ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफ देहिता

नगरपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु पर्दछ । साथै करदातासँग निरन्तर संवाद गर्नुपर्दछ । यसका लागि सूचना प्रविधी तथा सामाजिक मिडिया मार्फत् राजस्व र खर्चको विवरणबारे जनता तथा सरोकारवाला पक्षहरुलाई जानकारी गराउनु यस दिशातर्फको केही सकारात्मक प्रसासहरू हुन सक्दछन् । नगरपालिकामा आयको सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नु पर्दछ ।

# परिच्छेद - पाँच: राजस्व सुधार कार्ययोजना

यस परिच्छेद पाँचमा लेकबेशी नगरपालिकाले आगामी आ.व.को राजस्व परिचालनलाई प्रभावकारी बनाउनका लागि उपयुक्त कार्ययोजनाहरु प्रस्तुत गरिएको छ । परामर्शदाताद्वारा संकलित तथ्याङ्क तथा सूचनाहरु, तिनीहरुको विश्लेषणबाट आएका नतिजाहरू तथा नगरपालिकासंग सम्बद्ध सरोकार पक्षहरुसंग गरिएको छलफल तथा कुराकानीलाई समेत समावेश गरी कार्ययोजनाको मस्यौदा तयार गरिएको हो । राजस्व सुधारका कार्ययोजना तलका तालिकाहरुमा बिस्तृतमा उल्लेख गरिएको छ ।

## क. कर राजस्व सुधारका कार्य योजनाहरु

तालिका १९: राजस्व सुधार कार्ययोजनाहरु

| क.स. | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | भूमिकर तथा मालपोत | | |
| | १. जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. घुम्ती सेवा सञ्चालन गरी समयमा मालपोत तिर्न उत्साहित गर्ने । | २०७९ पौष देखि अर्धवार्षिक रुपमा नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| २ | सम्पत्ति कर | | |
| | १. आर्थिक ऐनमा सम्पत्ति कर लगाउने स्पष्ट व्यवस्था गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. सम्पत्ति कर व्यवस्थापन कार्यविधीलाई अद्यावधिक गर्ने । | २०७९ पौषसम्म | राजस्व परामर्श समिति |
| | ३. वडामा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने । | २०७९ मंसिरदेखि नियमित | राजस्व शाखा<br>वडा कार्यालय |
| | ४. सम्बन्धित कर्मचारी तथा पदाधिकारीका लागि तालिमको व्यवस्था गर्ने । | २०७९ चैत्र मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| ३ | घर जग्गा बहाल कर | | |
| | १. प्रगतिशिल करको दर अवलम्बन गर्ने | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. बहालमा भएका घर तथा जग्गाहरुको लगत सङ्कलन गर्ने । | २०७९ पौषसम्म | राजस्व शाखा<br>वडा कार्यालय |
| | ३. बहालमा लगाएका घरनीहरूलाई जानकारी गराई करको दायरमा ल्याउने । | २०७९ भाद्र देखि निरन्तर | राजस्व शाखा, राजस्व परामर्श समिति, वडा कार्यालय |
| ४. | व्यवसाय कर | | |
| | १. व्यवसाय कर व्यवस्थापन सम्बन्धी कार्यविधी तर्जूमागरी लागु गर्ने । | २०७९ माघसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | २. व्यवसाय कर सम्बन्धमा दण्ड सजाय तथा | २०७९ माघसम्म | राजस्व परामर्श समिति |

| क.स. | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | पुरस्कारको व्यवस्था गर्ने । | | |
| | ३. दर्ता भएका व्यवसायहरुको लगत अद्यावधिक गर्ने तथा दर्तामा नआएकालाई दर्ता गर्न प्रोत्साहन गर्ने । | नियमित | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| | ४. व्यवसाय दर्ता तथा कर सङ्कलनका लागि मुख्य बजारक्षेत्रहरुमा घुम्ती सेवा तथा अभियान सञ्चालन गर्ने । | २०७९ पौष देखि अर्धवार्षिक रूपमा | राजस्व शाखा<br>वडा कार्यालयहरु |
| ५. | जडीवुटी, कबाडी र जीवजन्तु कर | | |
| | १. जडीवुटी तथा कबाडी सङ्कलनको सम्भाव्य क्षेत्र पहिचान गरी बिक्री हुने परिमाण यकिन गर्ने । | २०७९ आषाढ मसान्त | राजस्व शाखा<br>राजस्व परामर्श समिति |
| | २. जडीवुटी र कबाडी करको दर निर्धारण गरी सो अनुसार ठेक्का वन्दोवस्त गर्ने गर्ने । | २०७९ आषाढ मसान्त | नगर सभा,<br>कार्यपालिका |

## ख. गैरकर राजस्व सुधार कार्य योजनाहरु

तालिका २०: गैरकर राजस्व सुधार योजनाहरु

| क.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| १ | **कान'नी तथा नीतिगत व्यवस्था** | | |
| | १. आर्थिक ऐन पुनरावलोकन गरी परिमार्जन गर्ने ।<br>- हालको राजस्व अधिकारका सम्भाव्य शीर्षकहरु अनुसार शीर्षक हेरफेर गर्ने ।<br>- व्यवहारिक नदेखिएका, लागु नहुने तथा सङ्घीय कान'नसँग बाझिने प्रावधानहरुलाई हटाउने ।<br>- राजस्व असुलीको व्यवस्थासंगै दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था पनि उल्लेख गर्ने ।<br>- जग्गाको मूल्याङ्कनको दर निर्धारण गरी मालपोतको दर परिमार्जन गर्ने । | २०७९ असार मसान्त | राजस्व परामर्श समिति |
| | २. राजस्व नीति सामर्थ्यमा आधारित तथा Tax-benefit Principle मा आधारित बनाउने | २०७९ कार्तिक मसान्त | नगरपालिका |
| २ | **सांगठनिक व्यवस्था (शाखा, जनशक्ति, पूर्वाधार र सूचना व्यवस्था)** | | |
| | १. राजस्व उपशाखा लाई शाखाको रुपमा स्थापना गर्ने । | २०७९ चैत मसान्त सम्म | नगरपालिका |
| | २. राजस्व शाखाका लागि थप कर्मचारी, सफ्टवेयर तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०७९ चैत मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |

| क्र.स | सुधारका लागि गर्नु पर्ने कार्यहरु | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| | ३. राजस्व सफ्टवेयर सम्वन्धी तालिमको व्यवस्था गर्ने । | २०७९ असार मसान्तसम्म | प्रमुख प्रशासकीय अधिकृत |
| | ४. विभिन्न स्रोतका आन्तरिक आयलाई सम्बन्धित शीर्षक अन्तर्गत आम्दानी बाँध्ने । | २०७९ असार मसान्त | प्रमुख प्रशासकीय अधिकृत, आर्थिक प्रशासन शाखा |
| ३ | **करदाता लक्षित कार्यक्रम तथा पारदर्शिता** | | |
| | १. विभिन्न सञ्चार माध्यमबाट कर असुलीका लागि चेतनामूलक सूचनाहरु प्रचार प्रसार गर्ने । | २०७९ मंसिरदेखि निरन्तर | राजस्व परामर्श समिति र वडा कार्यालय |
| | २. चौमासिक रुपमा खर्चसँगै आन्तरिक आय सङ्कलनको विवरण सार्वजनिक गर्ने । | चौमासिक | आर्थिक प्रशासन शाखा, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | **राजस्व सुधार कार्ययोजना कार्यान्वयन** | | |
| | १. यस कार्ययोजनामा उल्लेख भएका क्रियाकलापहरु कार्यान्वयनको सुनिश्चितता गर्ने। | २०७९ साउन देखि निरन्तर | प्रमुख प्रशासकीय अधिकृत |
| | २. कार्ययोजना कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट व्यवस्था गर्ने । | २०७९ माघ मसान्त | कार्यपालिका नगर सभा |

# परिच्छेद - छः आगामी तीन वर्षको आय प्रक्षेपण

यस परिच्छेद छ मा आगामी तीन आ.व.हरूका लागि नगरपालिकाको राजस्व प्रक्षेपण गरिएको छ । नगरपालिकाको राजस्व अधिकार, हालको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना समेतलाई मध्यनजर गर्दै आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ । उक्त प्रक्षेपण गर्दा महालेखा परीक्षकले स्वीकृत गरेको एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ को आधारमा गरिएको छ। यस प्रक्षेपणले आय बजेट तर्जुमा गर्न उल्लेखनीय सहयोग पुग्नेछ।

## ६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण

माथि भनिए अनुसार आगामी तीन वर्ष (आ.व. २०७७/७८ देखि २०७९/८०) को लागि आय प्रक्षेपण गरिएको छ । यो आय प्रक्षेपण अनुमान राजस्व सुधार योजनामा प्रस्ताव गरिएका क्रियाकलापहरूको आधारमा गरिएको छ। प्रक्षेपण गरिएका अधिकांश शीर्षकहरूको आय प्राप्त तथ्याङ्कमा आधारित छ भने भविष्यमा आयका आधारको दायरा बढ्न गई सोबाट हुने योगदानलाई समेत मध्यनजर गरिएको छ भने केही शीर्षकहरूको आय प्रक्षेपण विगतको आय सङ्कलनको वृद्धिदरलाई आधार मानि गरिएको छ।

तालिका २१: आगामी आ.व.का लागि राजस्व प्रक्षेपणका आधारहरु (रु. हजारमा)

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| **क.** | **आन्तरिक आय तर्फ** | **२४७११.७३७** | |
| ११३१३ | सम्पत्ति कर | ३९६३.७ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| ११३१४ | भूमि कर (मालपोत) | १३३१.४४ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| ११३२१ | घर बहाल कर | ३२४९ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| ११३२२ | बहाल बिटौरी शुल्क | १०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४६११ | व्यवसाय कर | ६३५.९ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्रि | ५० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| | ढुङ्गा, गिट्टी, बालुवा बिक्री | ८८६७.९९७ | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| | साना सवारी शुल्क | १०० | आ.व. २०७९/८० मा कुल सम्भावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ८५० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ६० | आ.व. २०७८/७९ मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२४१ | पार्किङ्ग शुल्क | १०७ | आ.व. २०७८/७९ मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| | प्रदुषण शुल्क | २१०० | आ.व. २०७८/७९ मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२४२ | नक्सापास दस्तुर | ३७५ | आ.व. २०७८/७९ मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२४३ | सिफारिश तथा प्रमाणित दस्तुर | ३०० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर र व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क | २०० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, इजाजत आदि) | ५०० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२४९ | अन्य प्रशासनिक सेवा शुल्क (मूल्याङ्कन समेत) | ११० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२२१ | न्यायिक दस्तुर | १० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२५३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ६७६.७ | आ.व. २०७८/७९ मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १०० | आ.व. २०७८/७९ मा कुल संभावनाको १०० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| १४५२९ | अन्य राजस्व | ६२५<br>४०० | आ.व. २०७८/७९ मा कुल संभावनाको ९० प्रतिशत र त्यसपछिका आ.व.मा १७ प्रतिशतले बढ्दै जाने |
| **ख** | **राजस्व बाँडफाँट** | ९२२२३ | |
| **ख.१** | **नेपाल सरकार** | ८८५१० | |
| १४४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ४४१६० | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| १४४२१ | बाँडफाँड भई प्राप्त हुने अन्तः शुल्क | ४४१६० | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| १४१५३ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | १९० | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| **ख.२** | **प्रदेश सकार** | ३७१३ | |
| १४१७७ | प्रदेशसंग राजस्व बाँडफाँड | ० | अनुमान नगरिएको |
| ११३१५ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | ३५४८ | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| ११४७१ | बाँडफाँडबाट प्राप्त हुने मनोरञ्जन कर | ० | अनुमान नगरिएको |
| ११४७२ | बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर | १६५ | आ.व. २०७८/७९ मा कुल संभावनाको ७० प्रतिशत र त्यसपछिका आ.व.मा ७ प्रतिशतले बढ्दै जाने |
| **ग.** | **अनुदान तथा वित्तीय हस्तान्तरण** | ५२६४१२ | |
| **ग.१** | **नेपाल सरकार** | ५२६४१२ | |
| १३३११ | समानीकरण अनुदान | १३२८५७ | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| १३३१२ | ससर्त अनुदान चालु | २७५२०५ | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ५४६५० | |

| राजस्व संकेत | राजस्व शीर्षक | कुल सम्भाव्यता | आगामी आ.व.हरुको लागि प्रक्षेपणको आधार |
|---|---|---|---|
| १३३१४ | विशेष अनुदान चालु | ० | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ५१७०० | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | गत आ.को प्राप्त रकममा क्रमशः ७ प्रतिशतका दरले वृद्धि हुँदै जाने अनुमान जाने अनुमान |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | १२००० | |
| १३३१८ | अन्य अनुदान चालु | ० | अनुमान नगरिएको |
| | (सामाजिक सुरक्षा समेत) | ० | |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |
| **ग.२** | **प्रदेश सरकार** | ० | |
| १३३११ | समानीकरण अनुदान | ० | अनुमान नगरिएको |
| १३३१२ | ससर्त अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१३ | ससर्त अनुदान पूँजीगत | ० | |
| १३३१४ | विशेष अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१५ | विशेष अनुदान पूँजीगत | ० | |
| १३३१६ | समपुरक अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | ० | |
| १३३१८ | अन्य अनुदान चालु | ० | अनुमान नगरिएको |
| १३३१९ | अन्य अनुदान पूँजीगत | ० | |
| **ग.३** | **अन्य आन्तरिक अनुदान** | ० | |
| १३४११ | अन्य संस्थागत आन्तरिक | ० | अनुमान नगरिएको |
| | अनुदान | ० | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक | ० | |
| | अनुदान | ० | |
| | **कुल जम्मा** | **६४३३४६।७३७** | |

## ६.२ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

प्रस्तुत राजस्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट नगरपालिकाको कुल आय आ.व. २०७७/७८ को यथार्थ रु. ६६६,३५१,७७०.८४ (तालिका २२) रहेकोमा कार्ययोजनाको अन्तिम वर्ष आ.व. २०८१/८२ मा रु.७९८२३३५६६.९४ अर्थात १.१९ गुणा ले बढोत्तरी हुने अपेक्षा गरिएको छ । यस नगरपालिकामा आन्तरिक राजस्वका स्रोतहरु मध्ये अन्य सेवा शुल्कको परिमाण सबैभन्दा बढी देखिन्छ भने क्रमशः सम्पत्ति कर, दस्तुर, व्यवसाय कर आदि आन्तरिक राजस्वका प्रमुख स्रोतका रुपमा रहने देखिन्छ ।

यस नगरपालिकाको आगामी तीन वर्षको प्रक्षेपित राजस्व/आयको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ। माथिका परिच्छेदहरूमा प्रस्ताव गरिए अनुसार र ऐन अनुसार करका दायरा बिस्तार गर्न सकेको खण्डमा तालिका २२ मा दिए अनुसार नगरपालिकाको आय वृद्धि हुने देखिन्छ । आय शीर्षकको सम्भाव्य आधार तथा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयनलाई आधारमानी प्रक्षेपणको लागि राजस्व संकेत वर्तमानमा सिफारिश गरिएको लेखा कोडको आधारमा गरिएको छ ।

## ६.३ नगरपालिकाको आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण

तालिका २२: नगरपालिकाको आगामी ३ आर्थिक वर्षको आन्तरिक राजस्वको प्रक्षेपण

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ | | | अनुमानित | सम्भाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५ /०७६ | ०७६ /०७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| **१००००** | **राजस्व तथा अनुदान** | ४१४,५६६,७७६.७० | ५४४,३५४,३७७.७३ | ६६६,३५१,७७०.८४ | ७१६,०३८,९८९.४९ | ६४३,३४६,७३७.०० | ६८६,७३९,५८२.०७ | ७४०,२९६,७१०.६९ | ७९८,२३३,५६६.९४ |
| | **आन्तरिक आय** | ८,६५४,६२०.१२ | ३२,३५९,०३७.७३ | ३,१२०,४४२.१२ | ८२,९७३,०२७.४९ | २४,७११,७३७.०० | २२,४९८,०६३.३० | २६,३५४,०९७.८९ | ३०,८७१,०३३.९४ |
| ११३१३ | सम्पत्ति कर | ० | ० | ९७८६१७ | १३००००० | ३९६३७०० | ३५६७३३० | ४,१७८,७४९.२० | ४,८९४,९६२.०३ |
| ११३१४ | भूमि कर/ मालपोत | ० | २६००००० | ० | ० | १३३१४४० | ११९८२९६ | १,४०३,६७६.८३ | १,६४४,२५८.७१ |
| ११३२१ | घर बहाल कर | ० | १५००००० | ९३९२३ | १००००० | ३२४९००० | २९२४१०० | ३,४२५,२७३.३९ | ४,०१२,३४४.९४ |
| ११३५१ | व्यवसाय कर | ० | ० | ० | ० | ६३५९०० | ५७२३१० | ६७०,४००.५४ | ७८५,३०३.२१ |
| ११६१३ | व्यवसाय रजिष्ट्रेशन दस्तुर | ० | ५०००० | | | ६७६७०० | ६०९०३० | ७१३,४१४.१३ | ८३५,६८९.०८ |
| ११३२२ | बहाल बिटौरि शुल्क | ० | ० | ० | ० | १००००० | ९०००० | १०५,४२५.४७ | १२३,४९४.७७ |
| ११६३२ | अखेटोपहारमा लाग्ने कर | ० | १०००० | | | | | - | - |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | ० | ० | | १८००००० | ८५०००० | ८५०००० | ९९५,६८४.९६ | १,१६६,३३९.४५ |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिक्री | ० | ९९०५००० | ० | ० | ५०००० | ४५००० | ५२,७१२.७३ | ६१,७४७.३८ |
| | (ढुङ्गा, गिट्टी, बालुवा बिक्री) | | | ० | | ८८६७९९७ | ७९८११९७.३ | ९,३४९,१२७.१७ | १०,९५१,५१२.११ |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क -मूल्याङ्कन समेत) | ० | १००००० | ११८०० | २०००० | ११०००० | ९९००० | ११५,९६८.०१ | १३५,८४४.२४ |
| १४२२१ | न्यायिक दस्तुर | ० | २०००० | १६३७४ | १६००० | १०००० | ९००० | १०,५४२.५५ | १२,३४९.४८ |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर | ० | ५०००० | | | ६०००० | ५४००० | ६३,२५५.२८ | ७४,०९६.८६ |
| ११६९१ | अन्य कर | ० | ५००००० | २८६५२८ | | | ० | - | - |
| १४२४१ | पार्किङ्ग शुल्क | | | | | १०७००० | ९६३०० | ११२,८०५.२५ | १३२,१३९.४० |
| | प्रदुषण शुल्क | | | | | २१००००० | १८९०००० | २,२१३,९३४.७९ | २,५९३,३९०.०८ |
| १४५२१ | साना सवारी | ० | २००००० | ८३०० | | १००००० | ९०००० | १०५,४२५.४७ | १२३,४९४.७७ |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | ० | ३००००० | | | | | - | - |
| १४२४२ | नक्सापास दस्तुर | ० | २०००००० | | | ३७५००० | ३३७५०० | ३९५,३४५.५० | ४६३,१०५.३७ |
| १४२४३ | सिफारिश दस्तुर | ० | ११५०००० | ९८४४५० | १३५०००० | ३००००० | ३००००० | ३५१,४१८.२२ | ४११,६४९.२२ |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ० | ३५००० | ८८५६७ | २२०००० | २००००० | २००००० | २३४,२७८.८१ | २७४,४३२.८१ |
| १४२४५ | नाता प्रमाणित दस्तुर | ० | १५००० | | ४५००० | १००००० | १००००० | ११७,१३९.४१ | १३७,२१६.४१ |
| १४२४९ | अन्य दस्तुर | ० | १५००० | १२४३८७ | ११९००० | ५००००० | ५००००० | ५८५,६९७.०३ | ६८६,०८२.०३ |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ | | | अनुमानित | सम्भाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५ /०७६ | ०७६ /०७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | ० | २०००० | | | १२५००० | १२५००० | १४६,४२४.२६ | १७१,५२०.५१ |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | ० | ० | ५२७४९६.१२ | ५५०००० | ५००००० | ५००००० | ५८५,६९७.०३ | ६८६,०८२.०३ |
| १४५२९ | अन्य राजस्व | | | ० | | ४००००० | ३६०००० | ४२१,७०१.८६ | ४९३,९७९.०६ |
| १४२५४ | एफ.एम. रेडियो | | | | १००००० | | | - | - |
| १५१११ | बेरुजु | ० | ५००००० | | | | | - | - |
| ३२१२२ | बैंक मौज्दात | ० | १३३८९०३७.७३ | | ७८९७३०२७.४९ | | | - | - |
| | **राजस्व बाँडफाँड** | ६७,०६८,०७४.५८ | ९२,१६८,०००.०० | १०५,७४४,२७१.८० | १०६,६५३,९६२.०० | ९२,२२३,०००.०० | ९८,४४१,३५७.१३ | १०५,८०७११६.४४ | ११३,७२४,०१०.०६ |
| | **सङ्घीय सरकार** | ६२,७०५,४९४.०८ | ९२,१३८,०००.०० | ७७,८६०,५४७.५० | ८९,७४३,४९१.०० | ८८,५१०,०००.०० | ९५,१३२,६५७.१३ | १०२,२५०,८४६.८३ | १०९,९०१,६४६.७४ |
| ११४११ | बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | | ४५,६५०,०००.०० | ७६,९००,१७५.०२ | ४४१६०००० | ४४१६०००० | ४७,४६४,२२०.३० | ५१,०१५,६७५.०२ | ५४,८३२,८६३.१८ |
| ११४२१ | बाँडफाँड भई प्राप्त हुने अन्त:शुल्क | | ४५,६५०,०००.०० | | ४४१६०००० | ४४१६०००० | ४७,४६४,२२०.३० | ५१,०१५,६७५.०२ | ५४,८३२,८६३.१८ |
| १४१७१ | बाँडफाँड भई प्राप्त वन रोयल्टी | | | ३२६०३१.४७ | १११३४६ | १९०००० | २०४,२१६.५३ | २१९,४९६.७९ | २३५,९२०.३८ |
| ११४५१ | बाँडफाँड भई प्राप्त सवारी कर | | ८३८,०००.०० | ६३४३४१.०१ | १३१२१४५ | | - | - | - |
| | **प्रदेश सरकार** | ४,३६२,५८०.५० | ३०,०००.०० | २७,८८३,७२४.३० | १६,९१०,४७१.०० | ३,७१३,०००.०० | ३,३०८,७००.०० | ३,५५६,२६९.६० | ३,८२२,३६३.३१ |
| १४१७७ | घरजग्गा रजिष्ट्रेशन दस्तुर | - | - | २,५२४,५९५.६० | १९१०४७१ | ३५४८००० | ३१९३२०० | ३,४३२,१२७.४५ | ३,६८८,९३२.३७ |
| | प्रदेशसँग राजस्व बाँडफाँड) | - | - | - | ० | ० | ० | - | - |
| ११४७१ | मनोरञ्जन कर | | ३०००० | | | | ० | - | - |
| | दहत्तर बहत्तर | ४३६२५८०.५ | | २५३५९१२८.७ | १५०००००० | | ० | - | - |
| ११४७२ | विज्ञापन कर | | | ० | | १६५००० | ११५५०० | १२४,१४२.१५ | १३३,४३०.९४ |
| | **अन्तरसरकारी वित्तीय हस्तान्तरण** | ३३४,८६४,०२०.०० | ४१९,८२७,३४०.०० | ५०४,६७६,४८३.४८ | ५२६,४१२,०००.०० | ५२६,४१२,०००.०० | ५६५,८००,१६१.६४ | ६०८,१३५,४९६.३६ | ६५३,६३८,५२२.९४ |
| | सङ्घीय सरकार | ३१९,८६३,३५०.०० | ४१९,८२७,३४०.०० | ५०४,६७६,४८३.४८ | ५२६,४१२,०००.०० | ५२६,४१२,०००.०० | ५६५,८००,१६१.६४ | ६०८,१३५,४९६.३६ | ६५३,६३८,५२२.९४ |
| १३३११ | समानिकरण अनुदान | १०५५००००० | १२३९५१००० | १२४१६०००० | १३२८५७००० | १३२८५७००० | १४२,७९७,८६९.४९ | १५३,४८२,५५२.९० | १६४,९६६,७०५.२५ |
| १३३१२ | शसर्त अनुदान चालु | १५८४८४००० | २५७६१४३४० | ३३४३३१०९१.४ | २७५२०५००० | २७५२०५००० | २९५,७९६,८९१.९५ | ३१७,९२९,५४८.१० | ३४१,७१८,२५४.३४ |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | | | | ५४६५०००० | ५४६५०००० | ५८,७३९,१२२.२७ | ६३,१३४,२०८.३३ | ६७,८५८,१५१.५६ |
| १३३१४ | विषेश अनुदान चालु | | २५०००००० | २७६१४७०४.६१ | ० | ० | - | - | - |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | ५१७००००० | ५१७००००० | ५५,५६८,३९१.९८ | ५९,७२६,२३१.८५ | ६४,१९५,१७७.२३ |
| १३३१६ | समपुरक अनुदान चालु | | | १८५७०६८७.५ | ० | ० | - | - | - |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | १२०००००० | १२०००००० | १२,८९७,८८५.९५ | १३,८६२,९५५.१७ | १४,९००,२३४.५६ |
| १३३१८ | अन्य अनुदान चालु ( सामाजिक सुरक्षा समेत) | ५५८७९३५० | १३२६२००० | | | ० | - | - | - |

| राजस्व संकेत | राजस्व शीर्षक | यथार्थ | | | अनुमानित | सम्भाव्यता | प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | ०७५ /०७६ | ०७६ /०७७ | ०७७/७८ | ०७८/७९ | | ०७९/८० | ०८०/८१ | ०८१/८२ |
| | **प्रदेश सरकार** | १५,०००,६७०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| १३३११ | समानिकरण अनुदान | ५२६९००० | ० | ० | ० | ० | ० | ० | ० |
| १३३१२ | शसर्त अनुदान चालु | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १३३१३ | शसर्त अनुदान पूँजीगत | ० | ० | | | ० | ० | ० | ० |
| १३३१४ | विषेश अनुदान चालु | ३३१२००० | | | ० | ० | ० | ० | ० |
| १३३१५ | विषेश अनुदान पूँजीगत | | | | | ० | ० | ० | ० |
| १३३१६ | समपुरक अनुदान चालु | ६४१९६७० | | | ० | ० | ० | ० | ० |
| १३३१७ | समपुरक अनुदान पूँजीगत | | | | | ० | ० | ० | ० |
| | **अन्य आन्तरिक अनुदान** | ३९८००६२ | ० | ५२८१०५७३.४४ | ० | ० | ० | ० | ० |
| १३४११ | अन्य संस्थागत आन्तरिक अनुदान | ३९८००६२ | | ० | | | | | |
| १३४१२ | अन्य व्यक्तिगत आन्तरिक अनुदान (जनसहभागिता) | | | ० | | | | | |
| १५११३ | अनुदान फिर्ता | | | ५२८१०५७३.४४ | | | | | |

**नोटः** १. यस टेबलमा बृद्धिदर गणना गर्दा केहि शीर्षक हरुमा विश्वब्यापी रुपमा फैलिएको कोभिड को कारण तथा राजस्व रकम विभिन्न शीर्षकगत रुपमा राख्नु पर्नेमा सो अनुसार नराखिएको हुँदा नकरात्मक परिमाण आएको हुँदा सोको हकमा कुल आयको औषत बृद्धिदर (१७) लिई राजस्व रकम प्रक्षेपण गरिएको छ ।

२. कुल वार्षिक सम्भाव्यतामा सामाजिक सुरक्षा भत्ता, बैंक मौज्दात तथा बेरूजु समावेश छैन ।

# परिच्छेद - सात: अपेक्षित नतिजा

यस नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमाका क्रममा विभिन्न स्रोतहरुबाट तथ्याङ्क तथा सूचनाहरु सङ्कलन गरिएको थियो । विभिन्न फारामहरुको प्रयोग गरी नगर कार्यपालिकाको कार्यालय तथा सम्बन्धित अधिकारीहरुबाट समेत सूचना सङ्कलन गरिएको थियो । हालको राजस्व सङ्कलन तथा प्रशासनको अवस्थालाई सुधार गर्नका लागि सहभागितामूलक पद्धति मार्फत् राजस्व सुधार कार्ययोजना तर्जुमा गरियो । संकलित तथ्याङ्क, विद्यमान प्रवृत्ति, उपलब्ध सूचनाको विश्लेषण तथा राजस्व सुधार कार्ययोजनामा निर्दिष्ट गरिएका क्रियाकलापहरुको कार्यान्वयन हुने मान्यता र त्यसको नतिजा समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि राजस्व प्रक्षेपण गरिएको छ ।

प्रस्तुत राजस्व सुधार कार्ययोजनाको उचित कार्यान्वयनबाट नगरपालिकाको आन्तरिक राजस्वमा चालु आ.व.को अनुमान  करिव रु ८२ लाख ९७ हजार रहेकोमा कार्ययोजनाको अन्तिम वर्षमा करिव ३ करोड ८ लाख अर्थात् ३.७२ गुणा बढोत्तरी हुने अपेक्षा गरिएको छ । यस नगरपालिकामा आन्तरिक राजस्वका स्रोतहरू मध्ये अन्य सेवा शुल्कको परिमाण सबैभन्दा बढी देखिन्छ भने क्रमशः सम्पत्ति कर, दस्तुर, व्यवसाय कर आदि आन्तरिक राजस्वका प्रमुख स्रोतका रुपमा रहने देखिन्छ ।

सारांशमा राजस्व सुधार कार्ययोजनाको कार्यान्वयन पश्चात् आगामी तीन आर्थिक वर्षहरुमा हुने आय संरचना देहाय अनुसार हुने प्रक्षेपण गरिएको छः


तालिका २३: नगरपालिकाको अपेक्षित आय संक्षेपमा

| क्र.सं. | राजस्व शीर्षक | प्रस्तावित | प्रक्षेपित आय (आगामी तीन आ.व.को) | | |
|---|---|---|---|---|---|
| | | | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| १ | आन्तरिक आय | २४,७११,७३७।०० | २२,४९८,०६३।३० | २६,३५४,०९७।८९ | ३०,८७१,०३३।९४ |
| २ | सङ्घिय राजस्व बाँडफाँडबाट प्राप्त आय | ८८,५१०,०००।०० | ९५,१३२,६५७।१३ | १०२,२५०,८४६।८३ | १०९,९०१,६४६।७४ |
| ३ | प्रदेश राजस्व बाँडफाँडवाट प्राप्त आय | ३,७१३,०००।०० | ३,३०८,७००।०० | ३,५५६,२६९।६० | ३,८२२,३६३।३१ |
| ४ | अनुदान | ५२६,४१२,०००।०० | ५६५,८००,१६१।६४ | ६०८,१३५,४९६।३६ | ६५३,६३८,५२२।९४ |
| ५ | अन्य आन्तरिक अनुदान | | | | |
| ६ | जनसहभागिता | | | | |
| | **कुल आय** | **६४३,३४६,७३७।००** | **६८६,७३९,५८२।०७** | **७४०,२९६,७१०।६९** | **७९८,२३३,५६६।९४** |
| | **आन्तरिक आयको हिस्सा** | **३।८४** | **३।२८** | **३।५६** | **३।८७** |

स्रोत: राजस्व सुधार सम्बन्धी तथ्याङ्क विश्लेषण

# परिच्छेद - आठः अनुगमन तथा मूल्याङ्कन

योजनाले सार्थकता पाउने मुख्य माध्यम नै योजनाको प्रभावकारी कार्यान्वयन हो । कार्यान्वयनमा प्रभावकारिताका लागि अन्य कुराको अतिरिक्त यसको अनुगमनको लागि भरपर्दो विधी र संयन्त्र किटान हुन आवश्यक भए जस्तै राजस्व सुधार कार्ययोजनामा समाबेश भएका क्रियाकलापहरुको कार्यान्वयन सुनिश्चितताका लागि पनि यसको नियमित र भरपर्दो अनुगमनको व्यबस्था गरीनु जरुरी हुन्छ । राजस्व सुधार कार्ययोजनाको अनुगमनमा मुख्य रुपमा राजस्व शाखा/महाशाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति तथा कार्यपालिकाको भूमिका महत्वपूर्ण हुन्छ । अनुगमनबाट नगरपालिकाको राजस्व सम्बन्धी नीति र योजनाको उचित रुपमा कार्यान्वयन भए नभएको, राजस्व असुलीको प्रवृत्ति लक्ष्य अनुरुप भए नभएको, राजस्व प्रशासनमा कुनै समस्या भए नभएको, सुधारका लागि गरिएका निर्णय कार्यान्वयन भए नभएको, अभिलेख दुरुस्त राखे नराखेको, निर्धारित अवधिमा राजस्व कोषमा दाखिलागरे नगरेको कुराहरु नियमित रुपमा अनुगमन गरी अद्यावधिक सूचना प्राप्त गर्ने र आवश्यकता अनुसार निर्णय, निर्देशन तथा नगरपालिकामा सिफारिस लगायतको कार्यबाटमात्र स्वीकृत आर्थिक ऐनको प्रभावकारी कार्यान्वयन गर्न सहयोग पुग्दछ । प्रस्तुत राजस्व सुधार कार्ययोजना र सो वमोजिम संकलित राजस्वको अनुगमन तथा मूल्याङ्कन लागि निम्न बमोजिम अनुगमन तथा मूल्याङ्कन गर्न उपयुक्त हुने देखिन्छ (तालिका २४, चित्र ९) ।




चित्र ९: राजस्व चक्र

तालिका २४: अनुगमन तालिका

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| राजस्व असुली | राजस्व शाखा प्रमुख | दैनिक, मासिक, चौमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य तथा प्रगति अनुगमन गर्ने |
| राजस्व प्रशासन | प्रमुख प्रशासकीय अधिकृत | मासिक, चौमासिक, र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| राजस्व सुधार योजना | प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• नतिजामूलक अनुगमन खाका अनुसार लक्ष्य र प्रगतिको तुलना गर्ने |
| समन्वय तथा सहकार्य | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका | मासिक, चौमासिक र वार्षिक | • स्थलगत अनुगमन गर्ने<br>• समन्वय र सहजीकरणगर्ने<br>• मार्गदर्शन तथा निर्देशन दिने |
| राजस्व नीति | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा | चौमासिक र वार्षिक | • चौमासिक तथा वार्षिक कार्ययोजनाको लक्ष्य र प्रगति सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सुझाव तथा निर्देशन र पृष्ठपोषण प्रदान गर्ने |
| राजस्व प्रतिवेदन | राजस्व शाखा, प्रमुख प्रशासकीय अधिकृत, राजस्व परामर्श समिति, कार्यपालिका, सभा, लेखापरीक्षक | मासिक, चौमासिक र वार्षिक | • मासिक, चौमासिक तथा वार्षिक लक्ष्य र प्रगति प्रतिवेदनहरु सम्बन्धी तुलनात्मक विश्लेषण गरी आवश्यक रणनीति सिफारिस, सुझाव तथा निर्देशन र |

| के अनुगमन गर्ने ? | कसले अनुगमन गर्ने ? | कहिले अनुगमन गर्ने ? | कसरी अनुगमन गर्ने ? |
|---|---|---|---|
| | | | पृष्ठपोषण प्रदानगर्ने |
| समीक्षा | उप–प्रमुख | चौमासिक र वार्षिक | • लक्ष्य र उपलब्धि सहित सिकाईको प्रस्तुति र सुधारको पृष्ठपोषण प्राप्त गरी आगामी मार्गचित्र तयार गर्ने |

# अनुसूची

# अनुसूची १: सन्दर्भ सामग्रीहरूको सूची

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| ▪ नेपालको संविधान | राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड (भाग १९: धारा २२८ देखी २३० सम्म)<br>स्थानीय आर्थिक प्रणाली (भाग १९ : धारा २२८ देखी २३० सम्म)<br>सङ्घ, प्रदेश तथा स्थानीय तहको अधिकार सूची (अनुसूची ५ देखी ९ सम्म) | नेपाल कानुन आयोग |
| ▪ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ | गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकार (परिच्छेद: ३)<br>गाउँपालिका तथा नगरपालिकाको वित्तीय अधिकार क्षेत्र (परिच्छेद: ९)<br>गाउँपालिका तथा नगरपालिकाको आर्थिक कार्य प्रणाली (परिच्छेद: १०) | नेपाल कानुन आयोग |
| ▪ अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ | राजस्वको अधिकार (परिच्छेद: २)<br>राजस्वको बाँडफाँड (परिच्छेद: ३)<br>अनुदानको व्यवस्था (परिच्छेद: ४)<br>वैदेशिक सहायता तथा ऋण (परिच्छेद: ५)<br>आय व्ययको प्रक्षेपण गर्ने (दफा १८)<br>राजस्व प्रस्ताव तयार गर्ने (दफा १९)<br>वित्तीय अनुशासन (परिच्छेद: ८)<br>नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले लगाउन सक्ने कर (अनुसूची १,२ र ३)<br>प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड ( अनुसूची ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ | प्राकृतिक स्रोतको परिचालन, राजस्व बाँडफाँड तथा अनुदान (परिच्छेद ४) | नेपाल सरकार, अर्थ मन्त्रालय https://www.mof.gov.np/site/publication-category/93 |
| ▪ केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन, २०७५ | स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहको राजस्व अधिकार सम्बन्धी विषयमा भएका गरिएका संशोधनहरु | नेपाल कानुन आयोग |
| ▪ नेपाल सरकारको वार्षिक बजेट वक्तव्य र आर्थिक ऐनहरु | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा भएका वा हुने संशोधित प्रावधानहरु | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश सरकारको वार्षिक बजेट वक्तव्य र प्रदेश आर्थिक ऐनहरु | स्थानीय तह र प्रदेश सरकारबीच साझा अधिकार सूचीका विषयमा प्रदेश कान’नले गरेका व्यवस्थाहरु | कर्णाली प्रदेश सरकार, आर्थिकक मामिला तथा योजना मन्त्रालय http://moeap.karnali.gov.np |
| ▪ स्थानीय तहको आर्थिक | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| ऐन २०७४/०७५ | | |
| ▪ एकीकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ | स्थानीय तहको राजस्व प्रक्षेपणको ढाँचामा एकरुपताका लागि | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको आर्थिक ऐनको नमूना, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ एकीकृत सम्पत्ति कर व्यवस्थापन कार्यविधी, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था, २०७४ | | नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ नेपाल सरकारको आर्थिक ऐन, २०७५ | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ प्रदेश तथा स्थानीय कर सम्बन्धी अध्ययन तथा सुझाव प्रतिवेदन, २०७५ - नेपाल सरकार (मन्त्रिपरिषद्) निर्णयबाट गठिन कार्यदलले अर्थ मन्त्रालय समक्ष पेश गरेको | | नेपाल सरकार, अर्थ मन्त्रालय |
| ▪ स्थानीय तहको वस्तुगत विवरण (प्रोफाईल) | स्थानीय तहको राजस्व अधिकार क्षेत्रमा पर्ने स्रोतहरुको आधार (द्यबकभ) बारेको सूचना र तथ्याङ्क | सम्बन्धित स्थानीय तह |
| ▪ स्थानीय तहका विभिन्न आर्थिक वर्षहरुको योजना, बजेट तथा कार्यक्रमहरु | स्थानीय राजस्व र आयको प्रवृत्ति विश्लेषण | सम्बन्धित स्थानीय तह |
| ▪ सङ्घ तथा प्रदेशले उपलब्ध गराएका कार्यविधी, दिग्दर्शन, ऐन कान'नका नमुनाहरु | स्थानीय तहको राजस्व अधिकारको उपयोगका लागि कान'नी र नीतिगत व्यबस्था | नेपाल सरकार, अर्थ मन्त्रालय<br>नेपाल कानुन आयोग<br>नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका सम्बन्धित निकायहरु |
| ▪ अन्य स्थानीय तहले विगतमा तर्जूमागरेका कार्ययोजनाहरु | सन्दर्भ सामग्रीको रुपमा | अन्य स्थानीय तहहरु |
| ▪ अध्ययन क्षेत्रमा रहेका कलष्टर | | सम्बन्धित स्थानीय तह |

| सन्दर्भ सामाग्री | अध्ययनको विषय क्षेत्र | श्रोत |
|---|---|---|
| अर्न्तगतका स्थानीय तहसंग आधारित विभिन्न आर्थिक वर्षहरूको नगरपालिका विकास योजना, नगरपालिकाका विकास योजना बजेट तथा कार्यक्रमहरू | | |
| ▪ सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रगति प्रतिवेदनहरू | | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय |
| ▪ अन्य दस्तावेजहरु | सन्दर्भ सामग्रीको रुपमा | विभिन्न निकायहरु |

# अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र

कर्णाली प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम**
## प्रदेश सुशासन केन्द्र
वीरेन्द्रनगर, सुर्खेत, नेपाल

पत्र संख्याः OCMCM/PCGG/२०७८/७९ च.सः ४९६ मितिः २०७९/०२/२५

श्री लेकबेशी नगरपालिका,
सुर्खेत।

विषयः पालिकाको राजस्व सुधार कार्ययोजना निर्माण कार्यको लागि समन्वय तथा सहयोग सम्बन्धमा।

प्रस्तुत विषयमा यस केन्द्रको चालु आ.व.२०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तहाँ पालिकासँगको समन्वयमा यस केन्द्रद्वारा पालिकाको राजस्व सुधार कार्ययोजना निर्माण कार्यमा सहयोग गर्ने कार्यक्रम रहेको र उक्त कार्यलाई सहजीकरण गर्नको लागि तपशिल बमोजिमको संस्थासँग सहमति भईसकेको कुरा अवगत गराउदै यस कार्यका लागि निजहरुको समन्वयमा तहाँ पालिकाको राजस्व सुधार कार्ययोजना निर्माण कार्य सम्पन्न गर्नुहुन अनुरोध छ ।

तपशिलः
संस्थाको नामः क्युव ईन्फो कम्पनी प्रा.लि.,
(पाथवे नेपाल प्रा.लि. र भुगोल ईन्जिनियरिङ कन्सल्टेन्ट प्रा.लि. JV) काठमाण्डौं
सम्पर्क व्यक्तिः लालमणि गौतम
सम्पर्क न. ९८६००१२९०३

राम बहादुर सारु
अधिकृत सातौं

श्री राजस्व शाखा (दिपक जी)
सम्बन्धित व्यक्ति संग आजै सम्पर्क गरी आवश्यक प्रक्रिया अगाडी बढाउने।
२/२६

लेकबेशी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय सुर्खेत
दर्ता नं ९९५४
मिति २०७९/२/२६

# अनुसूची ३: कार्यक्रममा सहभागीहरुको सूची तथा कार्य सम्पन्न पत्र

Page

आज मिति २०७९ साल असार महिनाको १६ गतेका दिन त्रिदेशी सुशासन केन्द्रको सहयोग तथा स्थूल-पाथवे-युगोलको सशक्तीकरण तथा यस लेकवेसी नगरपालिकाको आयोजनामा यस लेकवेसी नगरपालिकाको राजस्व सुधार कार्ययोजना २०७८/०७९ को अभिमुखीकरण कार्यशाला तथा अन्तिम प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रम यस नगरपालिकाका उप-प्रमुख श्री बिमला खड्का ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा निम्न प्रस्ताव उपर छलफल गरी निर्णय समेत गरियो ।

उपस्थिती

| दस्तखत | नाम | पद |
| --- | --- | --- |
| [illegible] | श्री बिमला खड्का | नगर उप-प्रमुख (संयोजक राजस्व समीति) |
| [illegible] | श्री कृष्ण प्रसाद खनाल | प्र.प्र.अ.- सदस्य |
| मनिषा | श्री मनिषा सिञ्जाली | सदस्य उ.पा. |
| [illegible] | श्री धाम बहादुर विष्ट | ,, उ.पा. |
| तिवारी | श्री उमा प्रसाद तिवारी | सदस्य उद्योग वाणिज्य संघ |
| [illegible] | श्री मन बहादुर शाही | ,, घरेलु साना उद्योग |
| [illegible] | श्री दिपक आचार्य | सदस्य सचिव राजस्व शाखा |
| हरिमान | श्री हरिमान घर्ती | वडा नं. १ अध्यक्ष |
| [illegible] | श्री चन्द्र बहादुर बुढा | ,, २ ,, |
| [illegible] | श्री लिलाराम अधिकारी | ३ ,, |
| [illegible] | श्री लोकेन्द्र थापा | ४ |
| [illegible] | श्री चक्र बहादुर शाही | ५ |
| [illegible] | श्री प्रेममान वाङ्गावल | ६ |
| [illegible] | श्री रुद्र बहादुर नेपाली | ७ |
| [illegible] | श्री रिखाराम खनाल | ८ |
| [illegible] | श्री मान बहादुर सार्की | ९ |
| [illegible] | श्री तुलाराम भण्डारी | १० |
| — | श्री जानकी पुन | का.पा. सदस्य |
| Sabitra | श्री साबित्रा नेपाली | ,, ,, |
| — | श्री तुलि खड्का | ,, ,, |
| [illegible] | श्री तारा देवी बराल | ,, ,, |

Date |
Page |

— श्री दिपसिंह खत्री — को पा सदस्य
— श्री तिलमती विष्ट ,, — ,,
— श्री केशर बहादुर डाँगी — अधिकृत छैटौं
श्री डिल्लाराम चपाई — ,, ,,
श्री नारायणदत्त तिवारी — ,, ,,
श्री प्रेम बहादुर रावत — सहायक पाँचौं
श्री जोरी रामा मगर — ,, चौथो
श्री भरतराम ढकाल — IT officer

विशेष आमन्त्रित
श्री उमेश कुमार पौडेल — नगर प्रमुख
श्री कल्पना तारम — का.स.
श्री ~~गोकर्ण शमशेर~~ — का.स.
श्री चिमानन्द तिवारी — प्रा.आ.सा. उपरेंयु

प्रस्तावहरू
प्रस्ताव १. लेकवेशी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा सम्बन्धमा।

प्रस्ताव नं. २. लेकवेशी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम ~~मस्यौदा~~ प्रतिवेदन नगर-कार्यपालिकाबाट अनुमोदन गर्ने सम्बन्धमा।

निर्णय हरू·
निर्णय १. प्रस्ताव नं.१ उपर छलफल गर्दा यस लेकवेशी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम मस्यौदा सम्बन्धमा प्रस्तुतिकरण तथा छलफल गरीयो। साथै राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन संशोधन सहित पारित गर्ने निर्णय समेत गरीयो। यसका साथै राजस्व सुधार कार्ययोजनाको तर्जुमाका लागी आर्थिक सहयोग गर्ने प्रदेश सुशासन केन्द्र सुर्खेत तथा प्राविधिक सहयोग गर्ने क्यूब - पाथवे - ग्रुप जोर्मी लगा तथा सिजेकलाई धन्यवाद ज्ञापन

Date |
Page |

गर्ने निर्णय समेत गरियो ।

प्रस्ताव नं. २ उपर छलफल गर्दा यस लेकवेसी नगरपालिकाको राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदनलाई लेकवेसी नगरपालिकाको नगर सभाबाट प्रमाणित गर्ने निर्णय समेत गरियो ।

Sabitry

लेकवेशी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कल्याण, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

(प्रशासन शाखा)

प.सं.- २०७८/०७९

च.नं.- ६९६६

मिति: २०७९/०३/१७

**विषयः कार्य सम्पन्न बारे ।**

**श्री क्युव-पाथवे-भूगोल जे.भी.**

**काठमाण्डौं,**

प्रस्तुत विषय सम्बन्धमा **श्री क्युव-पाथवे-भूगोल जे.भी. काठमाण्डौं**को सहजिकरण र **श्री प्रदेश सुशासन केन्द्र सुर्खेत,** कर्णाली प्रदेशको सहयोगमा लेकवेशी नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी कार्य सम्पन्न भएको र कार्ययोजनाको प्रारम्भिक प्रतिवेदन प्राप्त भएको जानकारी गराउँदै श्री क्युव-पाथवे-भूगोल जेभी, काठमाण्डौं र श्री प्रदेश सुशासन केन्द्र, सुर्खेत कर्णाली प्रदेशलाई धन्यबाद ज्ञापन गर्दै यो पत्र उपलब्ध गराईएको छ ।

..........................

**(कृष्णप्रसाद खरेल)**

**प्रमुख प्रशासकीय अधिकृत**

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

**श्री प्रदेश सुशासन केन्द्र सुर्खेत, कर्णाली प्रदेश ।**

Website:-www.Lekbeshimun.gov.np,Email:- ito.lekbeshimun@gmail.com

# अनुसूची ४: कार्यक्रमको फोटोहरु



